नौ

# रेडियो प्रसारणमा दलित : कार्यक्रमका विषय र अवस्था

जेबी विश्वकर्मा

## परिचय

नेपाल बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक मुलुक हो। यही विविधतामा आधारित नेपाली समाजमा विभिन्न जातीय समुदायहरू छन्। यसरी विभाजित समुदायमध्ये समाजको सबैभन्दा तल्लो तहमा दलित समुदाय रहेका छन्। राज्यका हरेक अधिकार र अवसरबाट वञ्चित पारिएका यी समुदाय सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक तथा शैक्षिक क्षेत्रमा सबैभन्दा पछाडि पारिएका छन्। जातीय आधारमा हुने भेदभाव र छुवाछूतजस्ता अमानवीय भेदभाव पनि यो समुदायले भोगिरहेको छ। राज्यकै विभेदकारी नीतिका कारण यो समुदायलाई ज्ञान, सूचना र चेतना हासिल गर्ने कार्यमा पनि पछाडि पारिएको छ। २००७ सालदेखि प्रसारण हुँदै आएको सरकारी प्रसारण माध्यम रेडियो नेपालले चालीस वर्षभन्दा बढीको अवधिसम्म समाजका सम्भ्रान्त वर्गको मात्र आवाज प्रसारण गर्ने काम गऱ्यो। पछाडि पारिएका समुदायको विषयमा न रेडियो नेपालले आफैँ उत्पादन गरेर कार्यक्रम प्रसारण गर्ने गर्दथ्यो, न त त्यहाँ त्यस समुदायका लागि काम गर्न खुलेका सङ्घसंस्थालाई नै प्रवेश थियो। २०४९ सालमा तर्जुमा गरिएको राष्ट्रिय सञ्चार नीति र प्रसारण ऐन कार्यान्वयनमा आएपछि रेडियो नेपाल र नेपाल टेलिभिजनमा निजी तथा गैरसरकारी संस्थाका कार्यक्रमले पनि प्रवेश पाए (वन्त २०५८ : १२, हुमागाईं २०६२)। त्यसपछि मात्रै मुलुकको करिब २१

प्रतिशत जनसङ्ख्या[१] रहेका दलित समुदायका सवालमा रेडियो कार्यक्रमको उत्पादन र प्रसारण सुरु भएको हो । जातीय भेदभाव तथा छुवाछूतविरुद्ध जनचेतना फैलाउने उद्देश्यले दलित समुदायका सवालका बारेमा पहिलो रेडियो कार्यक्रम *दलित जनजागरण* २०५२ साल फागुन १ गतेदेखि 'दलित सेवा सङ्घ' नामक गैरसरकारी संस्थाले सुरु गरेको हो र यो कार्यक्रम १५ मिनेटको थियो ।

समाजमा रहेको जातीय आधारमा हुने भेदभाव तथा छुवाछूतको अन्त गरी समतामूलक समाजको निर्माण गर्नका लागि दलितका सवालमाथि केन्द्रित कार्यक्रमहरूको पनि भूमिका प्रभावकारी हुन्छ । नेपालको जस्तो भौगोलिक अवस्था, न्यून साक्षरता प्रतिशत र अधिकांश नागरिकको कमजोर आर्थिक हैसियत भएको ठाउँमा रेडियोको महत्त्व सूचनाका अन्य माध्यमका तुलनामा बढी नै हुने गर्दछ । समाजमा जड बनेर रहेका जातीय छुवाछूत र भेदभावको अन्तका लागि गैर-दलित समुदायमा रहेको परम्परागत रूढिवादी मनोविज्ञानलाई रूपान्तरण गरी समतामूलक सामाजिक–सांस्कृतिक संरचनाको निर्माण गर्न, अधिकार प्राप्तिका लागि दलित समुदायलाई उत्प्रेरित गर्न र दलित समुदायलाई हेर्ने गलत सोच, बानी र व्यवहारमा परिवर्तन ल्याउन यस्ता रेडियो कार्यक्रमको महत्त्व निकै छ । यस माध्यमको प्रयोगद्वारा सामाजिक रूपान्तरणको गतिलाई केही तीव्र पार्न सकिन्छ ।

अहिले चाहेर वा नचाहेरै पनि रेडियोमा दलितका सवालले स्थान पाउन थालेका छन् । यो सवाल छुटाउनै नहुने राजनीतिक र सामाजिक मुद्दाको रूपमा स्थापित भइसकेको छ । त्यसैअनुरूप बिस्तारै दलितका सवालसम्बन्धी रेडियो कार्यक्रमहरूको उत्पादन र प्रसारणमा पनि वृद्धि भइरहेको छ । एफएम रेडियो र रेडियो नेपालमा समेत गरी २०६५ साल असार मसान्तसम्म ४६ ओटा[२] दलित सवालसम्बन्धी रेडियो कार्यक्रमको प्रसारण आइसकेको पाइन्छ । यीमध्ये ३३ ओटा कार्यक्रम मात्रै हाल प्रसारण भइरहेका छन् ।

दलितका सवालमाथि केन्द्रित कार्यक्रमको सङ्ख्या बढे पनि कार्यक्रमको उत्पादन र प्रसारणमा रेडियो स्टेसनहरूको चासो र भूमिका भने सोचेजति प्रभावकारी हुन सकेका छैनन् । यो अध्ययन उत्पादित तथा प्रसारित कार्यक्रमहरूको

---

१ २०५८ सालको जनगणनाअनुसार नेपालका दलित समुदायको कुल जनसङ्ख्या १३.१ प्रतिशत छ । यो तथ्याङ्क विभिन्न कारणले गलत भएकाले गैरसरकारी संस्थाहरूले दलित समुदायको जनसङ्ख्या २१ प्रतिशतको हाराहारीमा रहेको आहुती (सन् २००४) ले चर्चा गर्नुभएको छ ।

२ जागरण मिडिया सेन्टरको अप्रकाशित अभिलेख र सम्बन्धित रेडियो स्टेसनका विभिन्न व्यक्तिहरूसँग गरिएको कुराकानीका आधारमा यो तथ्याङ्क प्राप्त भएको हो ।

अहिलेको अवस्था र प्रसारित कार्यक्रमको विषयवस्तुको विश्लेषणमा केन्द्रित छ । काठमाडौँमा नै उत्पादन भएर रेडियो नेपाल केन्द्रीय प्रसारणबाट प्रसारण भइरहेको *दलित जनजागरण,* काठमाडौँमा नै उत्पादन गरी देशभरका विभिन्न एफएम स्टेसनहरूबाट प्रसारण भइरहेको *कट्वाल रेडियो पत्रिका* र स्थानीय सप्तकोशी एफएम इटहरीमा नै उत्पादन भई प्रसारण भइरहेको रेडियो कार्यक्रम *साझा आँगन*लाई यस अध्ययनमा विषयवस्तुको विश्लेषणको प्रमुख आधार बनाइएको छ । त्यसै गरी धौलागिरी एफएम बाग्लुङबाट प्रसारण भइरहेको *झुपडीको सन्देश,* हिउँचुली एफएम पोखराबाट प्रसारण भइरहेको *आवाज* र हेटौँडा एफएम हेटौँडाबाट प्रसारित *दलित आवाज* लगायतका कार्यक्रमका केही अङ्कलाई पनि विषयवस्तुको विश्लेषणका लागि थप आधार बनाइएको छ ।

यो लेख दलितका सवालका सम्बन्धमा उत्पादन भइरहेका रेडियो कार्यक्रमहरूको विषयवस्तुमाथि नै केन्द्रित छ । यहाँ दलितका सवालसम्बन्धी रेडियो कार्यक्रमहरूका विभिन्न पक्षहरूबारे ५ खण्डमा चर्चा गरिएको छ । पहिलो खण्डमा दलितका सवालसम्बन्धी कार्यक्रमको अवस्थाबारे विवरणात्मक समीक्षा छ । दोस्रो खण्डमा दलितका सवालसम्बन्धी रेडियो कार्यक्रमका विषयवस्तु तथा तेस्रो खण्डमा कार्यक्रमको ढाँचाका बारेमा चर्चा गरिएको छ । त्यसै गरी चौथो खण्डमा कार्यक्रम उत्पादनको प्रक्रिया उल्लिखित छ र पाँचौँ खण्डमा कार्यक्रमको प्रभाव तथा कमजोरीका बारेमा छलफल गरिएको छ । अन्तमा निष्कर्ष प्रस्तुत छ ।

## दलित सवालका कार्यक्रमको विवरण

मिडिया अनुसन्धानकर्ता प्रत्यूष वन्त आफ्नो 'मिडिया र उदार प्रजातन्त्र' शीर्षकको लेखमा कुरानलाई उद्धृत गर्दै लेख्छन्, "प्रजातान्त्रिक समाजमा विद्यमान विजातीय समूहहरू र तिनका चाहनाहरूलाई बुझ्न सकिएन भने त्यस्तो मिडिया प्रणाली प्रजातान्त्रिक हिसाबले सार्थक हुँदैन" (वन्त सन् २००४ : ५९१) । बहुलवादी समाजलाई मिडियाले न्यायोचित ढङ्गले सम्बोधन गर्न सकेनन् भने मिडिया आफैँ पनि लोकतान्त्रिक हुन सक्दैनन् र लोकतन्त्रलाई मजबुत बनाउने आम सञ्चार माध्यम आफैँमा लोकतान्त्रिक हुन सकेनन् भने तिनले सामाजिक रूपान्तरणमा पनि मद्दत गर्न सक्दैनन् । त्यसैले दलित समुदायको विषय पनि लोकतन्त्रलाई मजबुत र व्यवस्थित बनाउनका लागि मिडियाले उठाउनुपर्ने एउटा महत्त्वपूर्ण विषय हो किनभने मुलुकको उल्लेख्य जनसङ्ख्या भएको दलित समुदायलाई छोडेर सिङ्गो समाज वा राष्ट्र लोकतान्त्रिक हुन सक्दैन । रेडियो स्टेसनहरूका

लागि यो त्यत्तिकै महत्त्वपूर्ण विषयवस्तु हुँदाहुँदै पनि रेडियो स्टेसनहरूले दलित समुदायका मुद्दालाई आफ्नो सामाजिक उत्तरदायित्वभित्र राख्न चाहेको देखिँदैन । यद्यपि, राजनीतिक रूपमा राज्यलाई समावेशी बनाइनुपर्ने बहस तीव्र रूपमा उठ्न थालेपछि अहिले एफएम रेडियोहरूले पनि दलितका सवालसम्बन्धी कार्यक्रमहरूलाई विस्तारै समावेश गर्न सुरु गरेका छन् ।

मानिसहरूमा रहेको रूढिवादी सोच, चिन्तन र विचार तथा व्यवहारमा परिवर्तन ल्याउनका लागि अन्य माध्यमभन्दा रेडियो कार्यक्रम बढी प्रभावकारी हुने भएकैले दलितका सवालमा काम गर्ने सङ्घसंस्थाहरू रेडियो कार्यक्रमको उत्पादनमा बढी क्रियाशील भएका देखिन्छन् । त्यससँगै नेपालमा विस्तारै समाज र राज्य दुवै स्तरमा समावेशीकरणको माग व्यापक रूपमा उठेपछि रेडियोहरूले पनि दलितका सवाललाई समावेश गर्नुपर्ने मान्यता र त्यस किसिमको आवाजसँगै यस विषयको प्रवेश रेडियोमा विस्तारै हुँदै छ ।

जनशक्ति र अन्य स्रोतको अभावमा छोटो समयमै केही कार्यक्रम बन्द भएको पनि पाइन्छन् भने केही अलि समय टिकेका छन् । प्रसारित कार्यक्रममध्ये अधिकांश कार्यक्रम रेडियो नेपाल वा एफएम आफैँले पहल गरेर भन्दा पनि विभिन्न सरकारी वा गैरसरकारी सङ्घसंस्थाले आफ्नै स्रोत र जनशक्ति लगाएर उत्पादन गर्ने कार्यक्रमहरू छन् । त्यसमा कुनै एफएम स्टेसनले सित्तैमा समय उपलब्ध गराएका छन् भने कुनैले आफ्नो समय बेचेका छन् । अति थोरै सङ्ख्यामा मात्र रेडियो आफैँले कार्यक्रमको उत्पादन गरेका छन् ।

प्रसारणका हिसाबले कुल ४६ ओटा दलित सवालका कार्यक्रममध्ये रेडियो नेपालबाट अहिलेसम्म आठ ओटा रेडियो कार्यक्रम प्रसारण भएको छ । तीमध्ये रेडियो नेपाल केन्द्रीय प्रसारणबाट पाँच ओटा र क्षेत्रीय प्रसारणबाट तीन ओटा कार्यक्रम प्रसारण भइरहेकोमा अहिले रेडियो नेपाल केन्द्रीय प्रसारणबाट *दलित जनजारण* र *चिन्तन चौतारी* गरी दुई ओटा मात्रै प्रसारणमा छन् । त्यसै गरी रेडियो नेपाल क्षेत्रीय प्रसारण केन्द्रबाट प्रसारित तीनओटा कार्यक्रममध्ये अहिले दुईओटा मात्रै प्रसारणमा छन् । जिल्ला विकास समिति धनकुटाले उत्पादन गर्ने *सामुदायिक विकास* धनकुटा प्रसारण केन्द्रबाट र दलित सेवा सङ्घ सुर्खेतले उत्पादन गर्ने *दलित जनजागरण* सुर्खेत प्रसारण केन्द्रबाट प्रसारण भइरहेका छन् । दलित महिला सङ्घ डोटीको उत्पादनमा दिपायल प्रसारण केन्द्रबाट प्रसारण भइरहेको *समानता* भने अहिले बन्द छ ।

## तालिका ९.१ : २०६५ साल असार मसान्तसम्म विभिन्न रेडियोमा प्रसारित दलितसम्बन्धी कार्यक्रमको विवरण

| क्र.सं. | कार्यक्रमको नाम | उत्पादन गर्ने संस्था/व्यक्ति | कार्यक्रम सञ्चालक | प्रसारण गर्ने रेडियो | आरम्भ मिति | कार्यक्रम प्रसारण हुने बार र समय |
|---|---|---|---|---|---|---|
| १ | दलित जनजागरण | दलित सेवा सङ्घ, काठमाडौं | सुमन विश्वकर्मा र शारदा विश्वकर्मा | रेडियो नेपाल | २०५२ फागुन १ | बुधबार बेलुका ८:३०-८:४५ |
| २ | जन चेतना | उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति | बुद्धि विश्वकर्मा, पुजन विश्वकर्मा, रीता बुढाथोकी र अमृत सार्की | रेडियो नेपाल | २०५६ मङ्सिर १ | मङ्गलबार बेलुका ८:१६-८:३० |
| ३ | सामुदायिक विकास | जिल्ला विकास समिति, धनकुटा | नैनबहादुर रुचाल | रेडियो नेपाल क्षेत्रीय प्रसारण केन्द्र, धनकुटा | २०५५ | शुक्रबार बेलुका ६:१५-६:३० |
| ४ | कट्वाल रेडियो पत्रिका | जागरण मिडिया सेन्टर, काठमाडौं | जेबी विश्वकर्मा, वीरु नेपाली, लक्ष्मण दर्नाल, मायासिंह नेपाली र बिना सुनार | रेडियो सगरमाथा र देशभरका २० ओटा एफएम स्टेसन | २०५८ | रेडियो सगरमाथामा बुधबार बिहान ८:००-८:३० |
| ५ | उत्पीडित आवाज | रेडियो मदनपोखरा र हेल्भेटास नेपाल | सुकुम नेपाली | रेडियो मदनपोखरा, पाल्पा | २०५८ | सोमबार बिहान ७:३०-८:०० |
| ६ | दलित जनजागरण | दलित सेवा सङ्घ, सुर्खेत | बलबहादुर सार्की र सञ्जुसिंह विश्वकर्मा | रेडियो नेपाल क्षेत्रीय प्रसारण केन्द्र, सुर्खेत | २०५८ साउन | बुधबार साँझ ६:३०-७:०० |
| ७ | आवाज | हिमँचुली एफएम, पोखरा | धनबहादुर नेपाली र कल्पना विश्वकर्मा | हिमचुली एफएम, पोखरा | २०५९ असार १५ | शनिबार बिहान ७:३०-८:०० |
| ८ | सन्दर्भ र आवाज | दलित सेवा सङ्घ, काठमाडौं | सुमन विश्वकर्मा | मेट्रो एफएम, काठमाडौं | २०५९ फागुन १ | सोमबार बिहान ९:००-९:३० |
| ९ | दलित आवाज | दलित सेवा सङ्घ, दाङ | टङ्क विश्वकर्मा र शारदा स्वर्णकार | स्वर्गद्वारी एफएम, दाङ | २०६० वैशाख | शनिबार बेलुका ७:२०-७:३५ |
| १० | जमर्को | रेडियो लुम्बिनी, रुपन्देही | पार्वती विश्वकर्मा र साबी (सावित्री विश्वकर्मा) | रेडियो लुम्बिनी, रुपन्देही | २०६० भदौ ५ | बिहीबार बिहान ९:३०-१०:०० |
| ११ | दलित आवाज | दलित सेवा सङ्घ, जुम्ला | मानसिंह सुनार र भीम नेपाली | कर्णाली एफएम, जुम्ला | २०६० | शनिबार बिहान ७:००-७:३० |
| १२ | नौलो बिहानी | राजु रसाइली र एफएमबीच सहकार्य | राजु रसाली | श्रीनगर एफएम, पाल्पा | २०६१ वैशाख १६ | बुधबार बिहान ७:३०-८:०० |

| क.सं. | कार्यक्रमको नाम | उत्पादन गर्ने संस्था/व्यक्ति | कार्यक्रम सञ्चालक | प्रसारण गर्ने रेडियो | आरम्भ मिति | कार्यक्रम प्रसारण हुने बार र समय |
|---|---|---|---|---|---|---|
| १३ | परिवर्तन | रेडियो पालुङ, मकवानपुर | सीताराम बयलकोटी र उषा केसी | रेडियो पालुङ, मकवानपुर | २०६१ भदौ | बिहीबार बेलुका ७:३०-८:०० |
| १४ | समता | विजय सामुदायिक एफएम, नवलपरासी | अञ्जु विश्वकर्मा र गीता नेपाली | विजय सामुदायिक एफएम, नवलपरासी | २०६१ मङ्सिर | बिहीबार बिहान ६:३०-७:०० |
| १५ | सम्मानित स्वरहरू | दलित गैर-सरकारी समन्वय समिति, दाङ | झुमा विक र देवीराम कुसरी | तुलसीपुर एफएम, दाङ | २०६३ मङ्सिर | शुक्रबार बिहान ९:००-१०:०० |
| १६ | हेपिएका आवाज | रेडियो भेरी आवाज, नेपालगञ्ज | रूपा गहतराज र हेमन्त विश्वकर्मा | रेडियो भेरी आवाज, नेपालगञ्ज | २०६१ मङ्सिर | सोमबार बिहान ९:१५-९:४५ |
| १७ | दलित आवाज | उपेक्षित सामुदायिक विकास मञ्च, मकवानपुर | कमल विश्वकर्मा र सञ्जु सुनार | हेटौँडा एफएम, मकवानपुर | २०६१ | शनिबार बेलुका ७:३०-८:०० |
| १८ | प्रतिबद्धता | समानताका लागि सांस्कृतिक अभियान नेपाल | पुष्कर खाती र कृष्ण विश्वकर्मा | टाइम्स एफएम, काठमाडौँ | २०६२ मङ्सिर ८ | बुधबार बिहान ७:३०-८:०० |
| १९ | आवाज | नेपाल एफएम, काठमाडौँ | तिलक सुनार र अयोधी मोची | नेपाल एफएम, काठमाडौँ | २०६३ असार १९ | सोमबार बेलुका ७:३०-८:०० |
| २० | झुपडीको सन्देश | दलित जनसमाज, बाग्लुङ | मीरा नेपाली र सीता वि.क. | धौलागिरी एफएम, बाग्लुङ | २०६३ चैत | बिहीबार बेलुका ७:३०-८:०० |
| २१ | दलित आवाज | पश्चिमाञ्चल एफएम, पाल्पा | पार्वती त्रिखत्री र मधु रुचाल | पश्चिमाञ्चल एफएम, पाल्पा | २०६३ | बुधबार बेलुका ५:१५-६:०० |
| २२ | समावेशीका लागि दतिल आवाज | आवाजविहीनहरूको आवाज नेपाल, काठमाडौँ | हीरालाल विश्वकर्मा र मीरा नेपाली | भ्वाइस अफ युथ एफएम, काठमाडौँ | २०६४ जेठ २१ | शुक्रबार बेलुका ८:००-८:३० |
| २३ | नयाँ नेपालमा हाम्रा कुरा | एकता फाउण्डेसन नेपाल र गारेखा एफएम | रामहरि शाही समुद्री, शिवहरि ज्ञवाली, हरि रसाइली, मधु समुद्र | गोरखा एफएम, काठमाडौँ | २०६४ साउन ४ | शुक्रबार बेलुका ६:३०-७:०० |
| २४ | सचेतनाको आवाज | आत्मनिर्भर विकास मञ्च, बाग्लुङ | भीम बराइली र सानु महर्जन | बाग्लुङ एफएम, बाग्लुङ | २०६४ साउन १४ | मङ्गलबार बिहान ७:३०-८:०० |
| २५ | जागरण | दलित जागरण सञ्चार मञ्च, नेपालगञ्ज | शिव सुनार | रेडियो भेरी एफएम, नेपालगञ्ज | २०६४ साउन | शुक्रबार बेलुका ५:३०-५:५० |

| क.सं. | कार्यक्रमको नाम | उत्पादन गर्ने संस्था/व्यक्ति | कार्यक्रम सञ्चालक | प्रसारण गर्ने रेडियो | आरम्भ मिति | कार्यक्रम प्रसारण हुने बार र समय |
|---|---|---|---|---|---|---|
| २६ | स्वाभिमान | रेडियो जागरण, बुटवल | सीता विश्वकर्मा र प्रेम पुन्थोकी | रेडियो जागरण, बुटवल | २०६४ पुस | बुधबार बेलुका ६:००-६:३० |
| २७ | उज्यालो अभियान | रूपाकोट एफएम, खोटाङ | राजकुमार रस्तेल | रूपाकोट एफएम, खोटाङ | २०६४ साउन ४ | शुक्रबार बेलुका ७:२५-७:५५ |
| २८ | हाम्रो आवाज | तुलसीपुर एफएम, दाङ | तेजबहानुर विरही परियार र होमबहादुर विक | तुलसीपुर एफएम, दाङ | २०६५ वैशाख १८ | आइतबार बेलुका ६:१५-६:४५ |
| २९ | परिवर्तनको अभियान | दलित महिला सङ्घ | खड्कबहादुर परियार र पाण्डु परियार | त्रियुगा एफएम, उदयपुर | २०६४ कात्तिक १२ | सोमबार बेलुका ६:३०-७:०० |
| ३० | पर्खालभित्र | पीडित जनसेवा विकास कार्यक्रम | किरण गिरी, भीम नेपाली र भिमन परियार | रेडियो बागेश्वरी एफएम, नेपालगञ्ज | २०६२ | बिहीबार बेलुका ६:४५-७:०० |
| ३१ | दलिएका आवाज | रेडियो पर्वत, पर्वत | कमला परियार र एमन पौडेल | रेडियो पर्वत, पर्वत | २०६५ वैशाख ९ | सोमबार बेलुका ७:३०-८:०० |
| ३२ | साझा सरोकार | आँधीखोला एफएम, स्याङ्जा | सङ्गीता नेपाली | आँधीखोला एफएम, स्याङ्जा | २०६४ माघ १ | मङ्गलबार बेलुका ६:३०-७:०० |
| ३३ | जागरण | दूधकोशी एफएम, सोलुखुम्बु | शोभा नेपाली | दूधकोशी एफएम, सोलुखुम्बु | २०६४ फागुन | शुक्रबार बेलुका ६:३०-७:०० |

स्रोत : जागरण मिडिया सेन्टरको अप्रकाशित अभिलेख र सम्बन्धित रेडियो स्टेसनका विभिन्न व्यक्तिसँग गरिएको कुराकानी ।

कार्यक्रमको प्रसारण क्षेत्रका हिसाबले दलितका सवालसम्बन्धी सबैभन्दा धेरै रेडियो कार्यक्रम काठमाडौँबाट नै प्रसारण हुने गरेका छन् । काठमाडौँबाट १३ ओटा कार्यक्रमहरूको प्रसारण भएको पाइन्छ जसमध्ये अहिले पाँच ओटा बन्द भइसकेका छन् भने ८ ओटा मात्रै प्रसारणमा छन् । त्यस्तै काठमाडौँभन्दा बाहिर नै उत्पादन भएर अहिलेसम्म जम्मा ३३ ओटा कार्यक्रमहरूको प्रसारण भएका थिए । यीमध्ये ८ ओटा कार्यक्रम बन्द भइसकेपछि अहिले २५ ओटा दलितका सवालसम्बन्धी कार्यक्रमहरू काठमाडौँभन्दा बाहिरबाट नै उत्पादन र प्रसारण भइरहेका छन् । प्रसारण पहुँचका हिसाबले रेडियो नेपालबाट प्रसारण हुने कार्यक्रम देशका विभिन्न भागमा सुन्न सकिन्छ भने जागरण मिडिया सेन्टरले उत्पादन गर्ने *कट्वाल रेडियो पत्रिका* देशका विभिन्न भागका २१[३] ओटा एफएम स्टेसनबाट प्रसारण हुने भएकाले यो पनि लगभग राष्ट्रव्यापी नै छ । यिनले दलितका सवालसम्बन्धी केन्द्रीय कुराहरूलाई स्थानीय तहसम्म लैजान मद्दत गरेका छन् । साथै *कट्वाल*मा स्थानीय तहका विभिन्न विषयहरूलाई पनि कार्यक्रममा समावेश गर्ने गरिएको छ ।

**तालिका ९.२ : दलितका सवालसम्बन्धी रेडियो कार्यक्रमको उत्पादनमा संलग्नता**

| क्र.सं. | कार्यक्रम उत्पादक | जम्मा कार्यक्रम सङ्ख्या | प्रतिशत | बन्द कार्यक्रम सङ्ख्या |
|---|---|---|---|---|
| १. | गैरसरकारी सङ्घसंस्था | २३ ओटा | ४९ | ७ ओटा |
| २. | रेडियो स्टेसन | १६ ओटा | ३५ | ३ ओटा |
| ३. | व्यक्तिगत पहल | ४ ओटा | ९ | २ ओटा |
| ४. | सरकारी सङ्घसंस्था | ३ ओटा | ७ | १ ओटा |
| **जम्मा** | | **४६ ओटा** | **१००** | **१३ ओटा** |

स्रोत : जागरण मिडिया सेन्टर (२०६४)

तालिका ९.२ मा देखाइएभैँ कार्यक्रमको उत्पादन चार किसिमले भइरहेको छ । अहिलेसम्म उत्पादन भएका कार्यक्रमहरू उत्पादनमा संलग्नताको हिसाबले सरकारी

[३] *कट्वाल रेडियो पत्रिका* प्रसारण भइरहेका एफएम स्टेशनहरू निम्नानुसार छन् : काठमाडौँमा रेडियो सगरमाथा; चितवनमा सिनर्जी एफएम; बुटवलमा रेडियो जागरण र तिनाउ एफएम; पाल्पामा सामुदायिक रेडियो मदनपोखरा, श्रीनगर एफएम र मुक्तिनाथ एफएम; कास्कीमा रेडियो अन्नपूर्ण; सुर्खेतमा रेडियो भेरी; बझाङमा साइपाल एफएम; कञ्चनपुरमा शुक्लाफाँटा एफएम; प्युठानमा रेडियो प्युठान; मकवानपुरमा पालुङ एफएम; वीरगञ्जमा रेडियो वीरगञ्ज; जनकपुरमा रेडियो जनकपुर; झापामा सप्तरङ्गी एफएम; इलाममा रेडियो इलाम; सोलुखुम्बुमा सोलु एफएम; दाङमा तुल्सीपुर एफएम; काभ्रेमा रेडियो नमो बुद्ध र दाङमा रेडियो मध्य-पश्चिम ।

सङ्घ-संस्थाबाट ३ ओटा वा ७ प्रतिशत, गैर-सरकारी संस्थाहरूबाट २३ ओटा वा ४९ प्रतिशत, एफएम रेडियोहरूका आफ्नै प्रयासबाट १६ ओटा वा ३५ प्रतिशत र व्यक्तिगत पहलमा ४ ओटा वा ९ प्रतिशत कार्यक्रमहरूको उत्पादन भएका छन्।

यसरी हेर्दा दलितका सवालका बारेमा उत्पादित तथा प्रसारित ४६ कार्यक्रमहरूमध्ये आधा कार्यक्रमको उत्पादनमा गैर-सरकारी संस्थाहरूकै संलग्नता देखिन्छ। दलितका सवालसम्बन्धी नेपालकै पहिलो रेडियो कार्यक्रम *दलित जनजागरण* नै 'दलित सेवा सङ्घ' नामक गैरसरकारी संस्थाले सुरु गरेको छ। त्यसपछि दलित समुदायका सञ्चारकर्मीहरूको संस्था जागरण मिडिया सेन्टरले २०५८ सालदेखि *कट्वाल रेडियो पत्रिका* नामक साप्ताहिक रेडियो कार्यक्रम सुरु गरेको थियो। काठमाडौँबाहिर हेटौँडाबाट प्रसारित *दलित आवाज,* सप्तकोशी एफएम इटहरीबाट प्रसारित *साझा आँगन, सचेतनाको आवाज* आत्मनिर्भर विकास मञ्चजस्ता सङ्घसंस्थाहरूले उत्पादन गर्दै आइरहेका छन्। हाल प्रसारणमा रहेका सीमित कार्यक्रमहरूका लागि पनि दलित अधिकारकर्मीहरूले अन्तर्राष्ट्रिय समुदायसँग हारगुहार गरी आर्थिक सहयोग जुटाउनुपर्ने विवशता छ (पहाडी २०६४)। यसरी दातृ निकायको सहयोगमा अहिलेसम्म २३ ओटा कार्यक्रमको उत्पादन भएको छ। तर, सहयोग रोकिनेबित्तिकै कार्यक्रमहरू बन्द हुने गरेका छन्। बन्द भएका १३ ओटा कार्यक्रममध्ये सबैभन्दा बढी ७ ओटा गैरसरकारी संस्थाद्वारा उत्पादित रेडियो कार्यक्रम नै छन्।

दलितका सवालसम्बन्धी हालका १६ ओटा रेडियो कार्यक्रमहरू रेडियोले नै उत्पादन गरेको देखिन्छ। ती कार्यक्रमहरू रेडियोमै भएका दलित समुदायका कर्मचारीहरूको अग्रसरतामा सञ्चालन भएका हुन्। नेपालगञ्जमा अवस्थित रेडियो भेरी आवाज एफएमका कर्मचारी हेमन्त विश्वकर्मा र रूपा गहतराज *हेपिएका आवाज* कार्यक्रम सञ्चालन गर्छन्। नेपाल एफएम काठमाडौँबाट प्रसारण हुने *आवाज*को उत्पादन नेपाल एफएमकै कर्मचारी तिलक सुनारले गर्छन। त्यस्तै बुटवलको रेडियोको जागरणको *स्वाभिमान*का लागि छुट्टै कर्मचारी राखिएको छ। खोटाङको रूपाकोट एफएममा प्रसारित कार्यक्रम *उज्यालो अभियान,* रेडियो पालुङको *परिवर्तन* आदि कार्यक्रमहरू रेडियो आफैँले उत्पादन तथा प्रसारण गरिरहेका छन्। तर, ती कार्यक्रमहरूलाई प्रभावकारी बनाउनका लागि स्टेसनहरूले त्यति ध्यान पुऱ्याएको देखिँदैन। एफएम स्टेसनबाट दलित कर्मचारी निस्कनेबित्तिकै कार्यक्रम पनि बन्द हुने विडम्बना छ। त्यसको उदाहरण सामुदायिक रेडियो मुक्तिनाथको *मिलीजुली* रेडियो कार्यक्रम हो। यसरी स्टेसनले उत्पादन गरेका १६ मध्ये ३ ओटा कार्यक्रम बन्द भइसकेका छन्। दलितका

सवालसम्बन्धी रेडियो कार्यक्रमको उत्पादनका लागि सरकारी क्षेत्रबाट त्यति पहल भएको देखिँदैन । अहिलेसम्म तीनओटा सरकारी संस्थाले दलितका सवालसम्बन्धी रेडियो कार्यक्रमको उत्पादन गरेको देखिन्छ । स्थानीय मन्त्रालयअन्तर्गतको उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समितिले सञ्चालन गरेको *जनचेतना* र जिल्ला विकास समिति धनकुटाको सहयोगमा सञ्चालित *सामुदायिक विकास* कार्यक्रम अहिले प्रसारणमा छन् । राष्ट्रिय दलित आयोगले २०६२ साल फागुनमा सुरु गरेको *मर्यादित आवाज* पाँच महिनामा नै बन्द भयो ।

केही कार्यक्रम भने दलित समुदायका उत्प्रेरित व्यक्तिहरूको पहलमा नै सञ्चालित छन् । यसरी उत्पादित ४ ओटा कार्यक्रममध्ये अहिले २ ओटा मात्रै प्रसारणमा छन् । पाल्पाको श्रीनगरले रेकर्डिङको सुविधा दिएपछि राजु रसालीको *नौलो बिहानी* र हिउँचुली एफएम पोखराबाट प्रसारित धनबहादुर नेपाली र कल्पना विश्वकर्माको *आवाज* साप्ताहिक रूपमा प्रसारण भइरहेका छन् । काठमाडौंको एचबीसी एफएमबाट प्रसारित *दलित आवाज* स्टेसन नै बन्द भएका कारण बन्द भयो भने चितवनको सिनर्जी एफएमबाट प्रसारित *चेतनाको आवाज* आर्थिक स्रोतको अभावमा बन्द भएको छ ।

सरकारी र विभिन्न गैरसरकारी सङ्घसंस्थाबाट उत्पादन तथा प्रसारण भइरहेका कार्यक्रमहरूका उत्पादक तथा सञ्चालकहरूलाई संस्थाले पारिश्रमिक उपलब्ध गराउने गरेको छ। त्यसै गरी एफएम स्टेसनले आफ्नै कर्मचारीहरूबाट उत्पादन गरिरहेका कार्यक्रमका लागि एफएम स्टेसनले नै सुविधा उपलब्ध गराउँछ। तर, त्यस्तो कार्यक्रमका लागि एफएम स्टेसनले छुट्टै बजेट उपलब्ध गराउने गरेको पाइँदैन। प्रायोजित कार्यक्रम आयो भने प्रसारण भइरहेको समय पनि सार्ने गरिएको छ (विश्वकर्मा २०६४)। सङ्घसंस्थाहरूले उत्पादन गरिरहेका कार्यक्रमहरू पनि आर्थिक समस्या पर्नेबित्तिकै बन्द हुने गरेका छन्। व्यक्तिगत पहलमा सञ्चालन गरिएका कार्यक्रमहरूका लागि एफएमले समय र रेकर्डिङ स्टुडियो दिएर सहयोग गरेको देखिन्छ। व्यक्तिले नै सबै कार्यक्रमका लागि आर्थिक व्ययभार थेग्न नसक्ने भएका कारण गुणस्तरीय कार्यक्रमको उत्पादनमा चुनौती छ भने कार्यक्रम सञ्चालकहरूले उत्तरदायित्वको बोध गर्न छोडिदिएमा कुनै पनि बेला यस्ता कार्यक्रम बन्द हुन सक्ने देखिन्छ। यसरी बन्द हुने कार्यक्रमहरूमा गैरसरकारी संस्थासँग जोडिएर प्रसारण भएका, सरकारी सहयोगमा सञ्चालन भएका र एफएम स्टेसनले नै उत्पादन गर्ने सबै किसिमका कार्यक्रम पर्दछन्। तालिका ९.३ मा २०६५ असार मसान्तसम्ममा बन्द भएका यस्ता कार्यक्रमको विवरण दिइएको छ ।

## तालिका ९.३ : २०६५ साल असार मसान्तसम्म बन्द भएका दलितका सवालसम्बन्धी कार्यक्रमहरूको विवरण

| क.सं. | कार्यक्रमको नाम | कार्यक्रम उत्पादन गर्ने संस्था/व्यक्ति | कार्यक्रम सञ्चालक | कार्यक्रम प्रसारण गर्ने रेडियो | आरम्भ भएको मिति | कार्यक्रम प्रसारण हुने बार र समय | बन्द भएको मिति |
|---|---|---|---|---|---|---|---|
| १ | चिन्तन चौतारी | दलित गैरसरकारी संस्था महासङ्घ, काठमाडौं | चक्रमान विश्वकर्मा र उद्धवसिंह चन्दरा | रेडियो नेपाल | २०५७ असोज ६ | बुधबार बिहान ८:४५-९:०० | २०६० साउन |
| २ | समानता | दलित महिला सङ्घ, डोटी | भीम घिमिरे | रेडियो नेपाल क्षेत्रीय प्रसारण केन्द्र, दिपायल | २०५९ भदौ २० | सोमबार बेलुका ६:००-६:१५ | २०६३ पुस |
| ३ | सम्मानका स्वरहरू | दलित सेवा सङ्घ, काठमाडौं | सुमन विश्वकर्मा, शारदा विश्वकर्मा, रूपेश आचार्य र दिनेश परियार | कान्तिपुर एफएम, काठमाडौं | २०६१ जेठ | शनिबार बेलुका ८:००-९:०० | २०६३ साउन |
| ४ | चेतनाको आवाज | दलित सञ्चार केन्द्र | कल्पना नेपाली र राजवीर नेपाली | सिनर्जी एफएम, चितवन | २०६१ असार ३० | बुधबार बेलुका ७:१५-७:३० | २०६२ माघ |
| ५ | सामाजिक न्याय | ल्यान्काउ नेपाल | मेख परियार | रेडियो नेपाल | २०६२ असार | शुक्रबार बेलुका ८:४५-९:०० | २०६३ जेठ |
| ६ | मर्यादित आवाज | राष्ट्रिय दलित आयोग | हीरालाल विश्वकर्मा, सुरेश गन्धारी र हिमलाल विश्वकर्मा | रेडियो नेपाल | २०६२ फागुन | बुधबार बिहान ७:४५-८:०० | २०६३ असार |
| ७ | सम्मानित आवाज | दलित सेवा सङ्घ, बाँके | शिव सुनार र माया विश्वकर्मा | रेडियो भेरी आवाज, नेपालगञ्ज | २०६२ | शनिबार बेलुका ७:१५-७:४५ | ६ महिनापछि |
| ८ | मिलीजुली | मुक्तिनाथ एफएम, पाल्पा | कृष्ण परियार | मुक्तिनाथ एफएम, पाल्पा | २०६३ भदौ | बुधबार बिहान ८:३०-९:०० | २०६४ मङ्सिर |
| ९ | दलित आवाज | सामाजिक समानता अभियान, कञ्चनपुर | धीरेन्द्र सिनाल, सुरेन्द्र पाल्पाली र विजयालक्ष्मी गुरुङ्ग | शुक्लाफाँटा एफएम, कञ्चनपुर | २०६४ जेठ ६ | आइतबार बेलुका ७:४५-८:०० | २०६४ असोज १३ |
| १० | दलित अभियान | रेडियो मध्य-पश्चिम, दाङ | रविकिरण विश्वकर्मा | रेडियो मध्य-पश्चिम, दाङ | २०६४ वैशास | बुधबार साँझ ७:३०-८:०० | २०६५ जेठ |
| ११ | जागरण | महाकाली एफएम, कञ्चनपुर | ईश्वरी पाण्डे | महाकाली एफएम, कञ्चनपुर | २०६३ चैत | शुक्रबार बेलुका ७:१५-७:३० | २०६४ चैत |
| १२ | साझा आँगन | हाम्रो अभियान, नेपाल | रणध्वज विश्वकर्मा र भैरव आङ्ला | सप्तकोशी एफएम, इटहरी | २०६० कात्तिक २४ | शनिबार बेलुका ७:३०-८:०० | २०६५ जेठ ३२ |
| १३ | दलित आवाज | बुद्धि विश्वकर्मा र एफएमबीच सहकार्य | बुद्धि विश्वकर्मा | एचबीसी एफएम, काठमाडौं | २०६१ असोज २ | आइतबार बिहान ६:३०-७:०० | २०६४ पुस |

स्रोत: जागरण मिडिया सेन्टरको अप्रकाशित अभिलेख र सम्बन्धित रेडियो स्टेसनका विभिन्न व्यक्तिसँग गरिएको कुराकानी ।

## रेडियो कार्यक्रमका विषयवस्तु

राजनीतिक परिवर्तनसँगै दलितका सवालसम्बन्धी रेडियो कार्यक्रमहरूमा पनि नयाँ विषयवस्तुहरूले प्रवेश पाउन थालेको देखिन्छ । देशका विभिन्न भागबाट उत्पादन भइरहेका कार्यक्रमहरू मुख्य रूपमा दलित समुदायले भोग्नुपरिरहेका जातीय विभेद तथा छुवाछूतको न्यूनीकरणका लागि सहयोगी हुनुपर्छ र दलित समुदायले न्यायपूर्ण तथा सम्मानजनक तरिकाले बाँच्न पाउनुपर्छ भन्ने मान्यताका आधारमा नै यस्ता कार्यक्रमहरूको उत्पादन तथा प्रसारण भइरहेको छ । दलित समुदायलाई अधिकारप्रति जागरुक बनाउनु र सामाजिक विभेद कम गर्नु नै सबै कार्यक्रमहरूको उद्देश्य रहेको देखिन्छ । सामाजिक रूपान्तरणका लागि सञ्चार अभियानका साथ दलित सेवा सङ्घले *दलित जनजागरण* रेडियो कार्यक्रमको सञ्चालन गर्दै आएको छ । नेपाली समाजको कलङ्कको रूपमा रहेको छुवाछूतको अन्त तथा दलित समुदायको मानव अधिकार र सामाजिक न्यायका लागि एउटै पनि कार्यक्रमको उत्पादन र प्रसारण नभइरहेको परिवेशमा सो कार्यक्रम सुरु गरिएको कुरा संस्थाका महासचिव चक्रमान विश्वकर्मा बताउँछन् ।[४]

त्यस्तै २०५८ सालबाट दलित समुदायका सञ्चारकर्मीहरूको संस्था जागरण मिडिया सेन्टरले उत्पादन तथा प्रसारण सुरु गरेको *कट्वाल रेडियो पत्रिका* देशभरिका विभिन्न एफएम स्टेसनहरूबाट प्रसारण भइरहेको छ । जातीय विभेद तथा छुवाछूतको अन्तका लागि क्रियाशील यस संस्थाले दलित समुदायका समस्या के हुन् र ती समस्याको समाधानका बाटाहरू के-के हुन् भन्ने विषयमा आम दलित तथा गैर-दलित समुदायलाई कार्यक्रममार्फत विचार-विमर्श गराउने, आफ्नो अधिकारका लागि दलित समुदायलाई जागरुक बनाउने र गैर-दलित समुदायलाई पनि यस अभियानमा हातेमालो गर्न उत्प्रेरित गर्ने उद्देश्यले यो कार्यक्रम सुरु गरिएको संस्थाका अध्यक्ष रेमबहादुर विश्वकर्माको भनाइ छ ।[५]

दलितका सवालमा मात्रै काम नगर्ने प्रकृतिका संस्थाले पनि दलित समुदायका सवालका बारेमा कार्यक्रम उत्पादन गर्ने गरेका छन् । २०६० सालको कात्तिक महिनादेखि सप्तकोशी एफएममा प्रसारित *साझा आँगन* (हाल बन्द) कार्यक्रमको उत्पादन स्थानीय अभियान नेपालले गर्थ्यो । सो कार्यक्रम उत्पादनको उद्देश्यबारे संस्थाका अध्यक्ष केशव दाहाल भन्छन् :

---

४ दलित सेवा सङ्घका महासचिव चक्रमान विश्वकर्मासँग २०६५ साल जेठ २ गते गरिएको कुराकानीमा आधारित ।

५ रेमबहादुर विश्वकर्मासँग २०६४ चैत २० मा गरिएको कुराकानीमा आधारित ।

अभियान नेपाल गरिब, दलित, महिला र पछाडि पारिएको समुदाय तथा जोताहा किसानहरूको भूमि अधिकारका पक्षमा अभियानहरूको सहजीकरण गरिरहेको छ। सुशासन र सामाजिक न्यायको काममा समेत संस्था क्रियाशील छ। अहिले अभियान नेपाल स्थानीय तहमा लोकतन्त्रको प्रवर्धन र मानव अधिकारको संरक्षणका विषयमा पैरवी पनि गरिरहेको छ। विगत पाँच वर्षदेखि उत्पादन हुँदै आएको *साझा आँगन* समाजले दलित बनाएको समुदायलाई तिनका अधिकारबारे सचेत पार्ने, समुदायलाई सङ्गठित गरी समस्याको समाधानका लागि आफ्नै पहलमा योजना बनाउन र कार्यान्वयन गर्न मद्दत गर्ने, समुदायको नेतृत्व विकास गर्ने, स्थानीय निकायका स्रोतलाई समुदायको पक्षमा परिचालन गर्न तिनमा पहुँच बढाउने, अभियानमा दलित तथा गैर-दलित दुवैको ऐक्यबद्धता बढाउन गैरसरकारी सङ्गठन तथा नागरिक समाजलाई दलितका सवालका सम्बन्धमा काम गर्न उत्प्रेरित गर्ने उद्देश्यले कार्यक्रमको उत्पादन र प्रसारण गरिएको हो।[६]

यसबाहेक विभिन्न सङ्घसंस्थाले उत्पादन गरी प्रसारण गरेका कार्यक्रमको उद्देश्य जातीय विभेद तथा छुवाछूतको न्यूनीकरण, राज्यको नीति निर्माण तहदेखि सबै ठाउँमा दलित समुदायको समानुपातिक प्रतिनिधित्वको ग्यारेन्टी, सामाजिक-सांस्कृतिक, आर्थिक, राजनीतिक, न्यायिक र प्रशासनिकलगायतका अधिकारको स्थापनामा नै गरेको छ। साथै, संविधानसभा र राज्यको पुनःसंरचनामार्फत बन्ने नयाँ संविधानमा समग्रतामा सबै अधिकार समावेश गरिनुपर्ने कुरा ती कार्यक्रममा उठेका छन्। बागेश्वरी एफएम नेपालगञ्जबाट प्रसारण हुने *पर्खालभित्र* कार्यक्रम भने बालीघरे प्रथामा मात्रै केन्द्रित छ।[७]

यसरी प्रसारित दलितका सवालसम्बन्धी अन्य कार्यक्रमहरूमा दलित समुदायले दैनिक जीवनमा भोग्नुपरिरहेका समस्याहरूका साथै दलित अधिकारका विभिन्न पक्षहरूलाई समावेश गर्ने गरिएको पाइन्छ। २०५२ सालतिर सुरु भएका रेडियो कार्यक्रमहरूले सुरुसुरुमा जातीय छुवाछूतको न्यूनीकरणका लागि जनचेतना फैलाउने र सामाजिक सुधारका सामग्रीहरूलाई नै बढी प्राथमिकता दिने गरेको पाइन्छ। बिस्तारै रेडियो कार्यक्रमहरूमा दलित समुदायका आर्थिक, सामाजिक तथा सांस्कृतिक, राजनीतिक, प्रशासनिक तथा शैक्षिक अधिकारका सवाल र दलित समुदायले दैनिक रूपमा भोग्नुपरिरहेका विभेदका घटनाहरूका साथै आधारभूत मानव अधिकारका विषयहरूलाई उठाउँदै आएको पाइन्छ।

---

६ केशव दाहालसँग २०६५ चैत १५ मा गरिएको कुराकानीमा आधारित।

७ भीम नेपालीसँग २०६५ जेठ १७ मा गरिएको कुरकानीमा आधारित।

कार्यक्रमको प्रसारणमा भएको वृद्धिसँगै ती कार्यक्रमहरूमा प्रसारण हुने सवालहरू पनि फरकफरक हुँदै गएका छन्। *दलित जनजागरण*मा जातीय छुवाछूतको अन्त तथा दलित समुदायको मानव अधिकार र सामाजिक न्यायका पक्षमा जनचेतना जगाउने जागृतिमूलक कार्यक्रम भए पनि पछिल्लो चरणमा राजनीतिक मुद्दाहरू पनि कार्यक्रममा समावेश गरिएको चक्रमान विश्वकर्मा बताउँछन्। दलित समुदायका जीवनमा आइपर्ने समस्याको पहिचान गर्ने, दलित समुदायको पक्षमा भएका सरकारी नीति, ऐन कानून तथा कार्यक्रमबारे जानकारी गराउने, दलितहरूको इतिहास र सांस्कृतिक पहिचानबारे खोजमूलक जानकारी तथा दलित समुदायका विरुद्ध गरिने छुवाछूतका घटना र दोषीलाई कारबाही गराउन दबाब सिर्जना गर्ने समाचार/सामग्रीहरू कार्यक्रममा प्रसारण गर्ने गरेको विश्वकर्माको भनाइ छ।

त्यस्तै *कट्‌वाल रेडियो पत्रिका*मा सुरुमा सामाजिक मुद्दाका साथै जातीय छुवाछूतमा केन्द्रित सामग्रीहरूको प्रसारण हुने गर्थ्यो। २०६१ सालदेखि नै नेपालमा समावेशीकरण, संविधानसभाजस्ता राजनीतिक मुद्दाहरू बाहिर आएपछि ती मुद्दाहरूलाई दलित समुदायका मुद्दाहरूसँग जोडेर कार्यक्रममा उठाउँदै आएको छ। दलित समुदायको सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक लगायतका अधिकार संवैधानिक रूपमा नै स्थापना गर्नका लागि संस्थाले नीतिगत रूपमा नै २०६३ सालेखि संविधानसभा र दलितका सवालमाथि केन्द्रित कार्यक्रमको उत्पादन गरिरहेको *कट्‌वाल रेडियो पत्रिका*का पूर्व संयोजक दिलीपकुमार नेपाली बताउँछन्।[८] काठमाडौँभन्दा बाहिर उत्पादन हुने कार्यक्रमहरूले पनि पहिले दलित समुदायको आर्थिक, शैक्षिक र राजनीतिक विषयवस्तुहरूलाई कार्यक्रममा उठाउँदै आएको पाइन्छ। श्रीनगर एफएम पाल्पाबाट प्रसारित *नौलो बिहानी* कार्यक्रमका राजु रसालीका अनुसार सामाजिक न्यायको स्थापनाका लागि गैर-दलितहरूको भूमिकामाथि केन्द्रित सामग्रीहरू प्रसारण गर्ने गरेको र पछिल्लो समयमा संविधानमा दलित समुदायको सहभागिता र संविधानसभामार्फत बन्ने नयाँ संविधानमा दलित अधिकारका सवाललाई नै उठाइएको छ।[९] २०६३ साल असारदेखि काठमाडौँको नेपाल एफएममा सुरु गरिएको कार्यक्रम *आवाज*मा भने प्राकृतिक स्रोत-साधनमाथि दलितका अधिकारका कुरा, काठमाडौँकै धेरै श्रोताहरूले सुन्ने भएकाले राजनीतिक नीति निर्माणका कुराहरू कार्यक्रममा बढी मात्रामा

---

८ दिलीपकुमार नेपालीसँग २०६५ जेठ १८ मा गरिएको कुराकानी।

९ राजु रसाइलीसँग २०६५ असार २० मा गरिएको कुराकानीमा आधारित।

समेटिने गरेको कार्यक्रमका उत्पादक तिलक सुनारको अनुभव छ ।[१०] त्यस्तै हेटौँडा एफएमबाट प्रसारित कार्यक्रम *दलित आवाज*मा पनि पहिले जातीय छुवाछूतका विषयमा मात्रै धेरै कुरा गरिने गरेको भए पनि दुई वर्षदेखि दलित समुदायका समग्र अधिकारका कुराहरू समावेश गर्ने गरिएको छ ।[११] यहाँ अहिलेसम्म प्रसारण भएका दलितका सवालसम्बन्धी केही रेडियो कार्यक्रमका साथै जागरण मिडिया सेन्टरले उत्पादन गर्दै आइरहेको *कट्वाल रेडियो पत्रिका*ले समावेश गर्दै आइरहेका विषयवस्तुमा केन्द्रित रही कार्यक्रममा समावेश गरिएका विभिन्न विषयवस्तुको चर्चा गरिएको छ :

*जातीय विभेदका घटनाहरू*

सामाजिक रूपमा जातीय विभेदकै आधारमा भएका घटनाहरू कार्यक्रममा समेटिने गरेका छन् । पानी छोइएको आरोपमा कुटपिट गरिएको, मन्दिर प्रवेश गर्न नदिइएको, होटलमा भाँडा नमाझेको आरोपमा कुटपिट गरिएकाजस्ता विषयका घटनाहरू कार्यक्रममा समेटिने गरेका छन् । साथै सरकारवादी बनेको जातीय छुवाछूतको मुद्दालाई सरकारले नै बेवास्ता गरेको, राजनीतिक दलका कार्यकर्ताहरूले जातीय छुवाछूत तथा भेदभाव गरेको जस्ता विषयहरू पनि कार्यक्रममा समेटिएका छन् । २०६२ सालतिर *कट्वाल रेडियो पत्रिका*मा काठमाडौँमा दलितलाई डेराभाडामा भएको समस्या (अङ्क ५), अन्तरदलित छुवाछूतलाई हेर्ने दृष्टिकोणबारे सामग्री (अङ्क ७), ललितपुरको झरुवाराशीका दलितहरूले भोगिरहेको जातीय छुवाछूतको समस्या (अङ्क १०), राजविराजमा दलितहरूमाथि गरिएको नाकाबन्दी (अङ्क ११), डोटीमा पानीको कुवामा दलित समुदायमाथि गरिएको विभेदबारे सामग्री (अङ्क ६०) जस्ता जातीय विभेद तथा छुवाछूतसँग सम्बन्धित सामग्रीहरू त्यसका केही उदाहरण हुन् ।

चाँगु नारायणमा २०६३ फागुन १९ गते ६ जना दलितहरू कुटिएका थिए । होटलमा नास्ता खाएपछि भाँडा नमाझेको भन्दै स्थानीय होटल मालिक रामप्रसाद श्रेष्ठले ती दलितहरूलाई कुटपिट गरेको र पछि श्रेष्ठले सार्वजनिक रूपमा नै माफी माग्नुपरेको थियो । दलित सङ्घसङ्गठनले दबाब दिएपछि श्रेष्ठले माफी मागेका थिए । यस घटनालाई त्यति बेलाका *कट्वाल रेडियो पत्रिका* र *दलित जनजागरण*का विभिन्न अङ्कहरूमा समेटिएको थियो । त्यस्तै, काभ्रे फलाँटेमा

[१०] तिलक सुनारसँग २०६५ असार २० मा गरिएको कुराकानीमा आधारित ।

[११] *दलित आवाज*की सञ्जु सुनारसँग २०६५ असार २० मा गरिएको कुराकानीमा आधारित ।

धारामा पानी छोइएको आरोपमा पिटिएकी गोमादेवी दमाईको घटना पनि कार्यक्रमको विषयवस्तु बन्न पुगेको छ *(कट्वाल* अङ्क १५१) भने सप्तरीको शम्भुनाथ गाविसका दलित विनोदराम चमार अनाहकमा पिटिएको घटना पनि रेडियो कार्यक्रममा छिपेको छैन । नेकपा (एमाले) संबद्ध पूर्व सांसद दानालाल चौधरीले सिनो नफालेको आरोपमा ती चमारलाई कुटपिट गर्नुका साथै उनीसहित स्थानीय २६ घर चमारहरूलाई नाकाबन्दी गरिदिएका थिए । दलितहरूलाई स्थानीय पसल, स्वास्थ्य चौकीलगायतका सार्वजनिक ठाउँहरूमा समेत जान रोक लगाइएको घटना *दलित जनजागरण* कार्यक्रममा २०६० कात्तिकको एक अङ्कमा समेटियो । त्यस्तै, दाङका जिल्ला न्यायाधीश हरिप्रसाद बगालेले गरेको आशय छुवाछूतको घटना *(कट्वाल* अङ्क ११५ र ११६) वा २०६१ फागुन १३ गते दलित भएकै कारण एसएलसी परीक्षाका लागि डेरामा बसेका नवलपरासीका विनोद परियारलाई घरबाट निकालिएको घटनासँग सम्बन्धित सामग्रीहरू पनि रेडियो कार्यक्रमले समेटेका छन् । काठमाडौँभन्दा बाहिरका कार्यक्रमहरूमा पनि जातीय विभेद र छुवाछूतका घटनाहरूले नै बढी स्थान पाइरहेका हुन्छन् । हेटौँडा एफएमबाट प्रसारण भइरहेको *दलित आवाज* कार्यक्रममा जातीय छुवाछूत र भेदभावका घटना नै बढी मात्रामा प्रसारण हुने गरेको कार्यक्रमका सञ्चालक सञ्जु सुनारको भनाइ छ । पछिल्लो समयमा प्रसारण भइरहेका कार्यक्रमहरूले पनि दलित समुदायमाथि हुने गरेका यस्ता विभेदका घटनाहरूलाई स्थान दिँदै आएका छन् ।

### *आर्थिक सवाल*

*कट्वाल रेडियो पत्रिका*मा दलितहरूका परम्परागत पेशा-व्यवसायसँग सम्बन्धित सामग्रीहरूको उत्पादन तथा प्रसारण भएको छ । भूमिमाथि दलित अधिकारको कुरा, तराईका दलितहरूले भूमि प्राप्तिका लागि गरेका आन्दोलनहरू, बालीघरे प्रथा, खलो प्रथा, हलिया, हरूवा, चरुवाजस्ता श्रम शोषणमूलक प्रथा र त्यसका असरहरूबारे कार्यक्रमहरू तयार पारिएका छन् । ऐतिहासिक रूपले वर्णाश्रम व्यवस्थाअनुरूप नै दलितहरूलाई अनुल्लङ्घनीय बनाइएका पेसा-व्यवसायका कारण कठिनतम शारीरिक श्रम गर्ने पेसामा दलितहरूलाई पारिएको तर उत्पादनका साधन-स्रोतमाथि नै स्वामित्व नभएका विषयहरूको समावेश कार्यक्रममा हुँदै आएको देखिन्छ । साथै, उत्पादनका लागि जमिनमाथि दलितहरूको पहुँच नहुनु, जमिन नभएका कारण कठिन खालका शारीरिक श्रम गर्नुपर्ने अवस्था रहिरहनु, पेसा-व्यवसाय पनि आर्थिक प्रणालीमा नभई बाली प्रणालीमा हुनु, अभावका

कारण शिक्षाबाट वञ्चित नै हुनुपर्ने गरी दलित बाल-बालिकाहरू पनि सानैदेखि श्रममा लाग्नुपर्ने बाध्यता हुनु आदि छन् । शिक्षाबाट वञ्चित हुनुको परिणामस्वरूप रोजगारीमा उनीहरूको पहुँच पुग्न नसक्नु र रोजगारीको अभावमा आर्थिक उन्नति गर्न नसकेका कारणहरू कार्यक्रममा समावेश भएका देखिन्छन् । त्यसै गरी लगानीको अभावका कारण भएका सीपलाई पनि आधुनिकीकरण गर्न नसकी आर्थिक रूपमा उन्नति गर्न नसकेका विषयहरू पनि कार्यक्रममा समावेश भएको देखिन्छ ।

आर्थिक रूपमा विपन्न भएका कारण समाजमा कमजोर हैसियतमा रहनुपर्ने अवस्था दलितहरूको भएको र यसले गर्दा सांस्कृतिक रूपमा छुवाछूत गरिरहेका गैर-दलितहरूलाई उनीहरूमाथि थप विभेद गर्न बल पुऱ्याएको हो । दैनिक जीविकाका लागि समेत गैर-दलितहरूप्रति नै आश्रित रहनुपर्ने भएका कारण उनीहरूसँग विद्रोह गर्न सक्ने हैसियत दलित समुदायको नभएको र यसकारण विद्रोह हुन नसकेका घटनाहरू पनि कार्यक्रमहरूमा समावेश भएका छन् । सुदूर पश्चिमाञ्चलका हलियाहरूले भोगिरहेका यस्तै प्रकृतिका समस्याहरू *कट्वाल रेडियो पत्रिका*मा समेटिएका छन् । भूमिहीनताका कारण तराईका दलितहरूले भोग्नुपरेका समस्याका विषयहरूलाई *साझा आँगन* र *कट्वाल रेडियो पत्रिका*ले समेटेको देखिन्छ *(साझा आँगन* अङ्क १४०, *कट्वाल* अङ्क ५४, ५९, ६५ आदि) ।

त्यस्तै सरकारले विनियोजन गर्ने वार्षिक बजेटलाई दलितका कोणबाट विश्लेषण गरी कार्यक्रमहरू प्रसारण गरिएका छन् *(कट्वाल* अङ्क २, ३, १०६, १५७, १५८ आदि) । ऋण खोजेरै चाडपर्वहरू मनाइने परम्परा गलत भएको विषय समेटिएका सामग्रीहरू र नाटकहरूलाई पनि कार्यक्रममा समावेश गरिएको छ । काभ्रे पनौतीका हरिबहादुर मिझारले १४ हजार ऋण तिर्न नसक्दा मारिनुपरेको घटना तथा कारबाही प्रक्रिया र उनीहरूको पारिवारिक अवस्थाका विषयलाई कट्वालमा निरन्तर रूपमा उठाइएको छ *(कट्वाल* १७७, १७८, १८७, १९६ आदि) ।

दलित समुदायको प्राकृतिक स्रोत-साधनमाथिको अधिकारका विषयलाई काठमाडौँको नेपाल एफएमबाट प्रसारण हुने *आवाज* कार्यक्रमले पनि समेट्ने गरेको छ । आम जीवनमा प्रभाव पार्ने आर्थिक तथा सामाजिक पक्षलाई पनि कार्यक्रममा समावेश गर्ने गरिएको कार्यक्रम सञ्चालक तिलक सुनार बताउँछन् । प्राकृतिक स्रोतसँग उनीहरूको सम्बन्ध, उनीहरूको दैनिकी, उनीहरूले भोग्नुपरेका समस्या नै कार्यक्रमका विषयवस्तु रहन्छन् । प्राकृतिक स्रोत-साधनको अभावमा आम दलित नागरिकहरूले दैनिकजस्तै भोग्नुपर्ने, विशेष गरी छुवाछूतकै विषय बढी परेको अनुभव सुनारको छ ।

पहाडका २३ प्रतिशत र तराईका ४४ प्रतिशत दलित शुद्ध भूमिहीन छन् । २ रोपनीभन्दा कम जमिन भएकाहरूलाई कृषि भूमिहीनको कित्तामा राख्ने हो भने पहाडमा २३ प्रतिशत र तराईमा ९० प्रतिशतभन्दा बढी दलितहरू भूमिहीन छन् (आहुती २०६३) । वर्षैभरि जमिनमा काम गर्ने सुदूर पश्चिमका हलिया र तराईका मुसहरहरूको आफ्नै जग्गा-जमिन छैन । भइहाले पनि उनीहरूसँग अत्यन्तै कम जग्गा छ । त्यसकारण थोरै ऋणमा वर्षौंसम्म साहुको हलियाको रूपमा परिवारसहित पुस्तौँपुस्ता दलितहरू श्रम गरिरहेका छन् । उनीहरूसँग आफ्नै जमिन छैन । नेपालको अन्तरिम संविधान, २०६३ मा वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्ने भनी उल्लेख गरिए तापनि सो लागू हुन सकेको छैन । *कट्वाल रेडियो पत्रिका*मा २०६३ साल असारदेखि २ वर्षसम्मको अवधिमा १ सय २ कार्यक्रममध्ये १२ ओटा कार्यक्रम हलियामाथि मात्रै केन्द्रित सामग्रीहरू प्रसारित भएका छन् भने हलियाहरूको आन्दोलनका समाचारहरू पनि प्रसारण भएका छन् । अन्य राजनीतिक सन्दर्भ, बादी र गन्धर्व समुदायलगायतका पनि मुद्दाहरू उठ्ने गरेका छन् ।

### *शिक्षा*

दलित समुदाय आर्थिक अभावकै कारण पनि शिक्षाबाट वञ्चित हुनुपरेको त छँदैछ साथै यस समुदायका विद्यार्थीहरूमाथि हुने छुवाछूतको भेदभावका कारण पनि शिक्षाबाट वञ्चित हुनुपरेको छ । यस्ता विषयहरू पनि रेडियो कार्यक्रमका विषयवस्तुका रूपमा प्रसारण भएका छन् । काठमाडौंको तीनधारा संस्कृत छात्रावासमा दलितलाई नराखिने विषयमा *कट्वाल रेडियो पत्रिका*मा सामग्रीको प्रसारण भएको थियो (*कट्वाल* अङ्क २) भने दलित समुदायकै लागि भनेर सुरु गरिएको समाज विकास छात्रावासको बिजोग अवस्था पनि कार्यक्रममा प्रसारण भएको थियो (*कट्वाल* अङ्क १०) । दलित समुदायकै प्रयत्नमा खोलिएका विद्यालयदेखि दलित समुदायका लागि राज्यले प्रदान गर्ने छात्रवृत्तिको दुरुपयोगका घटनाहरूलाई कार्यक्रममा समावेश गर्ने गरिएको पाइन्छ ।

२०६१ साल कात्तिक १३ गते त्रिभुवन विश्वविद्यालयअन्तर्गत चिकित्साशास्त्र र इन्जिनियरिङको अध्ययनमा दलित, महिला र जनजातिलाई आरक्षण दिन गरिएको सरकारी निर्णयलाई कानून नबनाई कार्यान्वयन गर्न नमिल्ने भन्ने सर्वोच्च अदालतको फैसलापछि दलित, जनजाति र महिला विद्यार्थीहरूले संयुक्त सङ्घर्ष गरेका थिए । यस घटनालाई रेडियो कार्यक्रमहरूले विशेष महत्त्वका साथ उठाएका थिए (*कट्वाल* अङ्क १६) । दलितका सवालसम्बन्धी रेडियो कार्यक्रममा

विद्यार्थी भर्ना अभियानहरूमा दलित विद्यार्थीहरूको भर्नाका विषय र शुल्क तिर्न नसकेर भर्ना हुनबाट वञ्चित भएका मुद्दाहरू पनि उठेका छन् । त्यस्तै विद्यालयका शिक्षकहरूले नै गोरखामा दलित विद्यार्थीहरूलाई वनभोज कार्यक्रममा जाँदा विभेद गरेको सामग्री पनि *कट्वाल रेडियो पत्रिका*मा समावेश गरिएको छ *(कट्वाल* अङ्क १८६ र १८७) । शिक्षा पाउनबाट वञ्चित भएका र राज्यले उनीहरूलाई बेवास्ता गरेका सामग्रीहरू प्रसारित भएका छन् भने दलित महिलाहरू बुढचौलीमा पनि प्रौढ कक्षामा सहभागी भएका सामग्रीहरू पनि प्रसारण भएका छन् । सुर्खेत झुप्रा खोलाका दलित महिलाहरूले प्रौढ शिक्षा सुरु गरेपछि राजनीतिका कुराहरूसम्म बुझ्न सक्ने भएका सामग्री *कट्वाल रेडियो पत्रिका*मा प्रसारण भएको थियो *(कट्वाल* अङ्क १४२) । यसरी शिक्षा र दलितसँग सम्बन्धित विभिन्न सवालहरूलाई कार्यक्रममा समेटिने गरेको छ ।

*अधिकारका आन्दोलन*

दलित समुदायले लामो समयदेखि मानवका रूपमा बाँच्नका लागि गर्दै आइरहेको आन्दोलन तीव्र रूपमा उठिरहेको छ । समाजमा भइरहेका विभेदका घटनाहरूको अन्त गरिनुपर्ने, जातीय छुवाछूतलाई कडा रूपमा दण्डनीय र राज्यविरुद्धको अपराधका रूपमा कारबाही गर्ने संवैधानिक व्यवस्था गर्नुपर्ने, सामाजिक तहमा भएका दलितमाथिका कुटपिट, अन्याय तथा अत्याचारका विरुद्ध प्रशासनमा धर्ना दिने र विरोध गर्ने, भूमिहीन दलितहरूलाई भूमिको माग गर्दै विरोध प्रदर्शन गर्नेलगायतका आन्दोलनहरू भइरहेका छन् । सार्वजनिक वा निजी जीवनमा दलित समुदायले जातीय आधारमा भोग्नुपरेका छुवाछूतका घटना, मन्दिरमा प्रवेश गर्न नदिइएका, नाकाबन्दी गरिएका, भूमि अधिकारका लागि आन्दोलन गरेका, परम्परागत पेसा-व्यवसायबाट दलितहरू शोषणमा परिरहेका, अन्तर्जातीय विवाह, अधिकार प्राप्तिका साथै न्यायका लागि भएका आन्दोलनका विषयहरू कार्यक्रममा उठ्ने गरेका थिए । यस्ता घटनाहरू स्थानीय तथा केन्द्रीय तहमा उत्पादन हुने कार्यक्रमहरूमा पनि समावेश हुने गरेका छन् ।

स्थानीय तहमा भइरहेका आन्दोलनहरू रेडियो स्टेसन वा प्रसारण क्षेत्रका कार्यक्रमहरूमा उठेका देखिन्छन् भने केन्द्रीय स्तरबाट प्रसारित कार्यक्रमहरूमा पनि ती गतिविधिहरू समावेश हुने गरेका छन् । सुनसरीको इनरुवामा दलित भूमिहीनहरूले २०६३ भदौ १७ गते गरेको आन्दोलनको स्थलगत सामग्री स्थानीय *साझा आँगन* कार्यक्रममा प्रसारण भएको छ । *कट्वाल रेडियो पत्रिका*मा भने यही विषय समाचारका रूपमा मात्रै प्रसारण भएको थियो । त्यस्तै आमाको

नामबाट नागरिकता पाउनुपर्ने, भूमि, वैकल्पिक रोजगार र पुनःस्थापना गरिनुपर्ने माग गर्दै वादी जातिले गरेका आन्दोलनहरू पनि कार्यक्रममा समावेश भएका छन् । पूर्वी तराई र पूर्वी पहाडी क्षेत्रमा भएका अधिकारमुखी तथा राजनीतिक आन्दोलनहरूलाई सप्तकोशी एफएमबाट प्रसारण हुने *साझा आँगन* कार्यक्रममा धेरै समेटिने गरेको देखिन्छ । सुदूर पश्चिमाञ्चलका हलियाका समस्या भने सो रेडियो कार्यक्रमको प्राथमिकताको विषय बनेको पाइँदैन । *दलित जनजागरण* कार्यक्रमका लागि पूर्वी पहाडी तथा तराई वा सुदूर पश्चिमका हलियाको सवाल उत्तिकै महत्त्वको विषय हुनुपर्ने हो तर पर्याप्त मात्रामा सबै क्षेत्रका आवाजहरूलाई सो कार्यक्रमले समेट्न सकेको देखिँदैन ।

सामाजिक आन्दोलनका रूपमा मात्रै नभई दलित समुदायले राजनीतिक आन्दोलनहरू पनि गर्दै आइरहेका छन् । निरङ्कुश राजतन्त्रको विरोध गर्दै २०६२/६३ मा लोकतन्त्र, संविधानसभा र राज्यको पुनःसंरचनाका लागि भएको आन्दोलनमा दलितहरू पनि सहभागी थिए । उक्त आन्दोलनलाई दलितका सवालमाथि केन्द्रित कार्यक्रमहरूले पनि आफ्नो कार्यक्रममा समावेश गरेका थिए । त्यसपछि संविधानसभामा दलित समुदायको पूर्ण समानुपातिक प्रतिनिधित्व हुनुपर्ने मागसहित भएका विभिन्न आन्दोलनहरूलाई दलितका सवालसम्बन्धी रेडियो कार्यक्रमहरूले महत्त्वपूर्ण विषयका रूपमा उठाएका छन् । २०६२/६३ सालको जन आन्दोलनपछिका अधिकांश कार्यक्रमहरूमा दलित समुदायले गरेका आन्दोलनसम्बन्धी रिपोर्ट, कुराकानी, छलफल र समाचारहरूले कार्यक्रमहरूमा निकै स्थान पाएको देखिन्छ । दलित नागरिक आन्दोलन, संयुक्त दलित गणतान्त्रिक मोर्चा र संयुक्त दलित सङ्घर्ष समितिका नाममा भएका आन्दोलनहरूका सामग्रीहरू पनि कार्यक्रममा बजेका देखिन्छन् । अघिल्ला वर्षहरूका तुलनामा २०६२/६३ पछि राजनीतिक अधिकार प्राप्तिका आन्दोलनहरूलाई कार्यक्रममा बढी मात्रामा समावेश गरिएको पाइएको छ ।

### *मन्दिर प्रवेश*

जातीय विभेदका कारण मन्दिर प्रवेशमा रोक लगाइएका थुप्रै घटनाहरू छन् । यी विषयवस्तुहरूको समावेश रेडियो कार्यक्रममा हुने गरेको छ । चितवनको बेङ्कटेश मन्दिरको प्रवेशका विषयमा २०६१ साल मङ्सिरमा भएको झडप (*कट्वाल* अङ्क २२) वा डोटीको शैलेश्वरी मन्दिर प्रवेशको विषय सबै सामग्रीहरू कार्यक्रममा समावेश भएका छन् । यी घटनाहरूमा सरकारी नीति तथा

कानूनहरूको व्याख्याका साथै पीडकमाथि कारबाहीका बारेमा प्रशासनसँग छलफलहरू पनि चलाइएका छन् ।

२०६३ साल भदौमा डोटीको सिलगढीस्थित शैलेश्वरी मन्दिरमा दलित प्रवेशको विषयले राष्ट्रिय रूपमा चर्चा पाएको थियो । त्यसक्रममा स्थानीय क्षेत्रका दलित र गैर-दलितबीच भएको विवाद दलितका सवालसम्बन्धी अधिकांश रेडियो कार्यक्रमहरूले प्रसारण गरेका थिए । *कट्वाल रेडियो पत्रिकाले* त ११४, ११५ र ११६ गरी तीन अङ्कमा लगातार यस विषयलाई ठाउँ दिएको थियो ।

यीबाहेक अन्तर्जातीय विवाहका घटनाहरू दलित सवालका रेडियो कार्यक्रममा रेडियो सामग्री वा समाचारका रूपमा प्रसारण हुने गरेका छन् । अन्तर्जातीय विवाहका घटनाहरूमा पनि अधिकांश यस्ता विवाहपछि विवाहित जोडीले गर्नुपरेका सङ्घर्षका कुराहरू चाहिँ बढी मात्रामा कार्यक्रममा समावेश हुने गरेका छन् । अन्तर्जातीय विवाहले समाजमा पार्ने प्रभाव र सामाजिक रूपान्तरणमा अन्तर्जातीय विवाहको महत्त्वका बारेमा भने कमै चर्चा हुने गरेको छ । त्यस्तै दलितभित्रकै आन्तरिक विभेदका साथै गैर-दलितहरूले जातीय विभेद किन गर्छन् र जातीय विभेद र छुवाछूतको अन्तका लागि उनीहरूको भूमिका के हुन्छ भन्ने सवालहरू पनि कार्यक्रममा उठाइएका छन् । तर तराईका दलितका समस्याहरू भने गम्भीर रूपमा आउन सकेका छैनन् । समग्रमा हेर्दा केन्द्रबाट प्रसारित कार्यक्रमहरूमा पश्चिमी पहाडी जिल्लाको तुलनामा पूर्वी पहाडी जिल्लाका सामग्रीहरू भने कमै मात्रामा समावेश भएको पाइन्छ ।

## कार्यक्रमको ढाँचा

माथि छलफल गरिएका विषयहरूलाई रेडियो कार्यक्रमको ढाँचामा व्यवस्थित तरिकाले श्रोतासम्म पुऱ्याउन सकेको खण्डमा मात्रै कार्यक्रमको सन्देश प्रभावकारी हुन्छ । कार्यक्रमको ढाँचाको कोणबाट हेर्दा दलितका सवालसम्बन्धी केही कार्यक्रमहरू रेडियो म्यागेजिन ढाँचा[१२] मा छन् भने केही कार्यक्रमहरू विभिन्न गतिविधि, समाचार तथा अन्तर्वार्तामाथि केन्द्रित छन् । रेडियो म्यागेजिन अन्य ढाँचाका तुलनामा केही रोचक हुने भए पनि यस ढाँचाको कार्यक्रमका लागि केही बढी खर्च लाग्ने भएका कारण म्यागेजिन ढाँचाको प्रयोग कमै भइरहेको पाइन्छ ।

---

[१२] रेडियो कार्यक्रमका विभिन्न ढाँचा (फर्म्याट) मध्ये एक मानिने म्यागेजिन फर्म्याटमा श्रोतालाई विषयवस्तुबारे सहज ढङ्गले बुझाउनका लागि विभिन्न अन्तर्वार्ता, फिचर, रिपोर्ट, छलफल, टेस्टेमोनी, मोन्टाज, प्रोफाइल, लोकेसनलगायतका सामग्रीहरू समावेश गरिन्छन् ।

दलितका सवालसम्बन्धी धेरै रेडियो कार्यक्रमहरू सुरु हुँदा सूचनामूलक थिए । पछिल्ला समयमा दलितका सवालका बारेमा उत्पादन हुने रेडियो कार्यक्रमहरू म्यागेजिन ढाँचामा सुरु भएका छन् । २०५८ सालमा जागरण मिडिया सेन्टरले सुरु गरेको *कट्वाल रेडियो पत्रिका*ले यस अभ्यासलाई सुरु गर्नुका साथै निरन्तरता दिइरहेको छ । गाउँबस्ती तहमा नै गएर सामग्रीहरूको सङ्कलन गरी उत्पादन हुने रेडियो कार्यक्रमहरूको सङ्ख्या विस्तारै बढ्दो क्रममा छ । समुदायमा नै पुगेर सङ्कलन गरिएका आवाजहरूलाई समेटेर म्यागेजिन ढाँचामा तयार पारिएको पहिलो कार्यक्रम *कट्वाल रेडियो पत्रिका* हो । *कट्वाल रेडियो पत्रिका,* दलित सेवा सङ्घको *समानताका स्वरहरू* (हाल बन्द), सप्तकोशी एफएममा प्रसारित *साझा आँगन* (हाल बन्द), गोरखा एफएमबाट प्रसारित *नयाँ नेपालका हाम्रा कुरा*लगायतका कार्यक्रम म्यागेजिन ढाँचामा उत्पादित छन् । *कट्वाल रेडियो पत्रिका*ले दशैं तिहारजस्ता चाडपर्वमा नाटकलाई पनि समावेश गर्दै आइरहेको छ । कान्तिपुर एफएमबाट प्रसारित *सम्मानका स्वरहरू* कार्यक्रममा पनि केही समय नाटक शृङ्खला प्रसारण गरिएको थियो भने गोरखा एफएममा प्रसारण भइरहेको *नयाँ नेपालका हाम्रा कुरा*मा नाटक शृङ्खला समावेश गरिएको छ । *कट्वाल रेडियो पत्रिका*मा वार्षिक रूपमा दशैं जस्तो चाडपर्वमा हुने फजुल खर्च, ती चाडहरूको सांस्कृतिक महत्त्व, समसामयिक सामाजिक–सांस्कृतिक र राजनीतिक विषयवस्तुहरू नाटक शृङ्खलाहरूमा समावेश हुने गरेका छन् । त्यस्तै *सम्मानका स्वरहरू* र *नयाँ नेपालमा हाम्रा कुरा* कार्यक्रमहरूमा समसामयिक सामाजिक र राजनीतिक परिवेशका विषयमा नाटक शृङ्खला प्रसारण भएका छन् ।

यस अध्ययनमा समावेश गरिएका कार्यक्रमहरूमध्ये *कट्वाल रेडियो पत्रिका* र *साझा आँगन* रेडियो कार्यक्रमले कार्यक्रमका सबै अङ्कहरू रेडियो म्यागेजिन ढाँचामा उत्पादन गरिरहेका छन् भने *दलित जनजागरण* कहिले रेडियो म्यागेजिन ढाँचामा त कहिले समाचारमूलक कार्यक्रमको ढाँचामा प्रसारण हुने गर्दछ । रेडियो म्यागेजिन ढाँचामा कार्यक्रमहरू तयार गर्दा बढी प्रभावकारी र रोचक हुने गरेको देखिन्छ ।

दलितका सवालका बारेमा उत्पादन तथा प्रसारण भइरहेका रेडियो कार्यक्रमहरूमध्ये रिपोर्ट, फिचर, अन्तर्वार्ता, समाचार र छलफलका साथै अन्य सामग्रीहरूको प्रसारण गर्ने गरिएको छ । यीमध्ये २१ प्रतिशत कार्यक्रमले रिपोर्ट, २३ प्रतिशत कार्यक्रमले फिचर, २२ प्रतिशतले अन्तर्वार्ता, १९ प्रतिशतले समाचार गतिविधि, १२ प्रतिशतले छलफल र ३ प्रतिशतले अन्य (प्रोफाइल, टेस्टेमोनी,

रेडियो नाटक, छलफल, मोन्टाज, लोकेसन, श्रोताका चिठीपत्र र श्रोताका प्रश्न) हरूलाई पनि समावेश गर्ने गरेका छन् (हेर्नुहोस् तालिका ९.४) ।

**तालिका ९.४ : म्यागेजिन ढाँचाका कार्यक्रममा प्रयोग भएका सामग्री**

| क.सं. | कार्यक्रम ढाँचा | प्रतिशत |
|---|---|---|
| १. | रेडियो रिपोर्ट | २१ |
| २. | रेडियो फिचर | २३ |
| ३. | अन्तर्वार्ता | २२ |
| ४. | छलफल | १२ |
| ५. | समाचार गतिविधि | १९ |
| ५. | अन्य (टेष्टेमोनी, प्रोफाइल, नाटक आदि) | ३ |
| | जम्मा | १०० |

स्रोतः जागरण मिडिया सेन्टर (२०६४) ।

त्यस्तै अन्य कार्यक्रमहरू सूचनामूलक रहेका छन् । कुनै शृङ्खलामा दलितका सवालसम्बन्धी विभिन्न गतिविधिहरूको प्रसारण गर्ने, कुनै शृङ्खलामा दलित समुदायका प्रतिभाहरूलाई ल्याएर कुराकानी गर्ने, कुनै बेला रिपोर्ट, घटना विवरणजस्ता सामग्रीहरू प्रसारण गरिने गरिएको पाइन्छ । केही कार्यक्रमहरू भने मनोरञ्जनात्मक प्रकृतिका पनि छन् ।

## कार्यक्रमका उत्पादन प्रक्रिया

*विषयवस्तुको छनोट र निर्माण प्रक्रिया*

कार्यक्रममा कस्ता सामग्रीको उत्पादन र प्रसारण गर्ने भन्ने विषय कार्यक्रमको ढाँचामा पनि भर पर्ने गर्छ । म्यागेजिन ढाँचाका कार्यक्रमहरूमा कुनकुन विषयवस्तुलाई समावेश गर्ने भन्ने तय गरिन्छ । कार्यक्रममा कुन व्यक्तिसँग कुन विषयको अन्तर्वार्तालाई समावेश गर्ने, रिपोर्ट, फिचर, प्रोफाइल कुन विषयमाथि केन्द्रित गर्ने र सो कार्यक्रमबाट कस्ता सन्देश प्रवाह गर्ने भनेर सुरुमा नै छलफल गरेर विषयवस्तुको निर्धारण गर्ने गरिएको पाइन्छ । म्यागेजिनबाहेकका ढाँचामा निर्माण गर्ने कार्यक्रमहरूमा अन्य पत्रपत्रिकामा प्रकाशित समाचार, सङ्घसंस्थाका गतिविधि र दलित सवालमा नै गरिएका कुराकानी तथा गीतजस्ता सामग्रीहरू प्रसारण गर्ने गरिएको देखिन्छ । यस्ता कार्यक्रमका लागि विषयवस्तुको छनोट तत्कालै गर्न सकिन्छ । तर, विषयवस्तुमाथि केन्द्रित र स्थलगत सामग्रीहरू पनि

समावेश गरिने कार्यक्रमहरूमा भने सामग्रीको छनोट, सङ्कलन र उत्पादनमा अलि बढी समय खर्चिनुपर्ने हुन्छ ।

मूलतः उत्पादित तथा प्रसारित कार्यक्रमहरूका विषयवस्तु तत्कालीन परिस्थिति र घटनाक्रमअनुरूप तय गरिने गरेको पाइन्छ । केही रेडियो कार्यक्रममा पहिले नै निश्चित अवधिको कार्यक्रमका विषय छनोट गरी कार्यक्रमको उत्पादन गर्ने प्रक्रियाको सुरुआत भएको देखिन्छ । तर, राजनीतिक परिवर्तन, दलित समुदायमाथि भएका विभेदका घटना आदिका आधारमा पनि कार्यक्रमको विषयवस्तुको निर्धारण हुने गरेको देखिन्छ । केही कार्यक्रमहरू दलितका सवालमाथि दखल राख्ने व्यक्तिहरूसँग समय-सापेक्ष वस्तुस्थितिबारे छलफल गरी कार्यक्रम तयार गरिएको पनि पाइन्छ भने अधिकांश सङ्घसंस्थामार्फत उत्पादन हुने कार्यक्रमहरूका विषयवस्तु कार्यक्रमको उत्पादनमा संलग्न संस्था, उत्पादक र उत्पादन समूहमा रहेका व्यक्तिहरूको छलफलबाट छनोट गर्ने गरिएको छ । केही कार्यक्रमहरूमा श्रोता क्लबहरूका बीचमा छलफल गरेर पनि विषयवस्तुको छनोट र उत्पादन गर्ने गरिन्छ । कार्यक्रममा तत्कालीन र दलितका जल्दाबल्दा सवालका विषयवस्तुलाई उठान गर्नका लागि समूहमा छलफल गर्ने र योजना बनाई कस्तो सन्देश प्रवाह गर्ने भन्नेसम्मको अभ्यास गरेर पनि कार्यक्रमको उत्पादन भएको छ । राष्ट्रिय राजनीति, समाजमा भइरहने दलित समुदायसँग सम्बन्धित घटनाहरूका साथै दलित समुदायका सामाजिक, आर्थिक, राजनीतिक र पेशागत विषयमा अध्ययन गरी विषयवस्तुको छनोट गरी प्रसारण गरिएको पाइन्छ ।

प्रायः कार्यक्रमको उत्पादनमा संलग्न व्यक्तिहरूका बीचमा हुने छलफल र श्रोताका प्रतिक्रियाले पनि के-कस्ता विषयवस्तुको उत्पादन गर्ने भन्ने कुराको निर्धारण गर्नमा सहयोग गर्छन् । त्यस्तै कस्ता विषयवस्तुलाई कार्यक्रममा समावेश गरिनुपर्छ भनेर *कट्वाल रेडियो पत्रिका*को उत्पादन समूहले प्रत्येक २ महिनामा विषयवस्तुका विज्ञहरूसँग र व्यावसायिक मिडियाकर्मीहरूसँग छलफल गर्ने गरेको छ र बहस तथा छलफलकै आधारमा उत्पादक समूहले कार्यक्रमको विषयवस्तुको निर्धारण गर्दै आइरहेको छ । सप्तकोशी एफएमबाट प्रसारण भएको *साझा आँगन* कार्यक्रममा जनसेवा कार्यक्रम सहयोगी संस्था र कार्यक्रम उत्पादक टोली, श्रोता क्लबका सहजकर्ता र समुदायसँग पनि छलफल गरेर विषयवस्तुको निर्धारण गरेको पाइन्छ । *साझा आँगन* उत्पादन गर्दा उत्पादक संस्था अभियान नेपालका प्रतिनिधि, कार्यक्रम उत्पादक समूह र कहिलेकाहीँ

श्रोता क्लबका प्रतिनिधिहरूसहितको छलफलबाट कार्यक्रमको विषयवस्तु तय गरिन्थ्यो ।[१३]

यसरी कार्यक्रम उत्पादन गर्दा *कट्वाल रेडियो पत्रिका* उत्पादन गर्नुभन्दा अगाडि उत्पादन समूहमा कार्यक्रमका लागि समय-सान्दर्भिक विषयवस्तुको निर्धारण गरिन्छ । छनोट गरिएका विषयको प्रसारण केका लागि भन्ने विषयमा छलफल गरिन्छ । उक्त विषयको प्रसारण गर्नुको उद्देश्य के हो र त्यसले श्रोताको ज्ञान, सोच र व्यवहारमा परिवर्तन ल्याउनका लागि के-कस्तो प्रभाव पार्न सक्छ भन्ने विषयमा कार्यक्रम संयोजकसहित सम्बन्धित व्यक्तिहरूसँग छलफल गरेर तय गरिन्छ । त्यसपछि कार्यक्रमका स्रोत व्यक्ति र सरोकारवाला व्यक्तिहरूको छनोट गरिन्छ र यसपछि कार्यक्रमको उत्पादन प्रक्रिया सुरु हुन्छ । कार्यक्रमका मुख्य जिम्मेवार व्यक्तिबाट अन्तिम सम्पादन गरेपछि रेकर्डिङ गरिन्छ । प्रसारित कार्यक्रमहरू थोरै जनशक्तिबाट सञ्चालित छन् । अधिकांश कार्यक्रमहरूमा कार्यक्रम संयोजक, उत्पादक, संवाददाता र उद्घोषकलाई पनि राख्ने गरिएको पाइन्छ । अहिलेसम्म कार्यक्रम संयोजक, उत्पादक र संवाददाताले नै विषयवस्तुको अनुसन्धान गर्ने र रिपोर्टिङ गरेर कार्यक्रमको उत्पादन गर्ने गरिएको छ । नगण्य कार्यक्रममा मात्रै विभिन्न सवालमा अनुसन्धान गर्ने व्यक्ति राखिएका छन् ।

केही कार्यक्रमहरूमा पत्र-पत्रिकामा प्रकाशित समाचार-सामग्रीहरू जस्ताको तस्तै प्रसारण हुने गरेका छन् । समाचारदाताको आफ्नो कोणबाट लेखिने भएकाले प्रकाशित समाचार पूर्ण सत्य नहुन पनि सक्छन् । त्यसैले अर्को स्रोतबाट प्राप्त समाचारको पुनःपुष्ट्याइँ (verification) नगरिकन प्रसारण गर्ने प्रचलन दलितका सवालसम्बन्धी धेरै कार्यक्रममा छ । सङ्घसंस्थाले उत्पादन गर्ने केही कार्यक्रममा आम श्रोताको चासोका विषयलाई प्रसारण गर्नेभन्दा पनि आफ्ना संस्थागत गतिविधिलाई नै बढी मात्रामा स्थान दिने गरेको पाइन्छ ।

सामाजिक न्याय तथा समानताका लागि यस्ता कार्यक्रमको उत्पादन गर्दा कस्तो विषयको छनोट गर्ने र सन्देश कसका लागि दिने भन्ने कुरा स्पष्ट हुनुपर्दछ । विषयको छनोटमा नै त्यस विषयवस्तुमार्फत प्रवाह गरिएका सन्देशले सामाजिक रूपान्तरणलाई कसरी टेवा पुऱ्याउँछन् भन्ने विषयलाई ख्याल गर्नुपर्ने भएकाले पनि विषयवस्तुको छनोटसँगै सन्देश निर्धारण गर्नुको पनि महत्त्व रहन्छ । त्यसैले पनि दलित समुदायको सवालका बारेमा कार्यक्रमको निर्माण

---

१३ *साझा आँगन*का कार्यक्रम उत्पादक रणध्वज लोहारसँग २०६४ साल फागुन ३० गते गरिएको कुराकानीमा आधारित ।

गर्नु केही जटिल छ। दलितका सवालसम्बन्धी कार्यक्रम दलित समुदायका श्रोताका लागि मात्रै नभई गैर-दलित समुदायका लागि पनि हुने भएकाले गैर-दलित समुदायमा रहेको विभेदकारी मनोविज्ञानलाई हटाउन सक्ने ज्ञानसहितको सूचना कार्यक्रममार्फत प्रवाह गर्नुपर्ने हुन्छ। यदि कुनै गैर-दलितले दलितमाथि गरेको अन्यायको सवाललाई उठाउँदा सिङ्गो गैर-दलित समुदायलाई नै आघात पुग्ने वा आक्षेप लाग्ने खालको सूचना सामग्रीको प्रसारण भयो भने त्यसले सामाजिक द्वन्द्वलाई झन् बढाउन सक्छ। त्यसकारण कार्यक्रमको विषयवस्तुको छनोट गर्दा बढी वस्तुपरक तथा यथार्थपरक हुने र छनोट गरिएको विषय श्रोताले प्रस्ट बुझ्ने गरी निर्माण गरिनुपर्छ।

*स्रोत व्यक्तिको छनोट*

रेडियो कार्यक्रमहरूमा एउटै व्यक्तिलाई विभिन्न समयमा स्रोत व्यक्तिको रूपमा प्रयोग गरिएको पाइन्छ। रेडियो नेपालबाट प्रसारित *दलित जनजागरण* रेडियो कार्यक्रममा उत्पादक संस्थाकै अध्यक्ष र महासचिवलाई मुख्य रूपमा कार्यक्रमको स्रोत व्यक्तिको रूपमा प्रयोग गरिएको देखिन्छ। संस्थाको नेतृत्वलाई स्थापित गर्नका लागि पनि त्यसो गरिएको संस्थाका वर्तमान महासचिव चक्रमान विश्वकर्मा बताउँछन्।[१४] उदाहरणका लागि *दलित जनजागरण* रेडियो कार्यक्रमको २०६० साल कात्तिकको एक अङ्क सुन्दा पनि थाहा हुन्छ। उक्त कार्यक्रममा एमबीबीएसको अध्ययनका लागि दलित कोटामा गैर-दलित परेको कुरा उठाइएको छ। यस कार्यक्रममा सरकारले एमबीबीएसको अध्ययनका लागि दिइएको छात्रवृत्ति कति जना दलित र कति गैर-दलितले पाए र यो कसरी उनीहरूले पाए भन्ने प्रश्नहरू अनुत्तरित छन् भने कार्यक्रम प्रस्तुतिका हिसाबले पनि एक जनाले लिङ्क न्यारेसन[१५] मात्रै वाचन गर्ने र चारओटा कुराकानी अर्को एकै व्यक्तिले गरेको देखिन्छ। २०६० साल कात्तिकमा प्रसारित कार्यक्रममा स्रोत व्यक्तिको रूपमा शिक्षा मन्त्रालयका प्रवक्ता लवप्रसाद त्रिपाठी र दलित आन्दोलनका नेता मानबहादुर विश्वकर्मासँगको

---

[१४] मार्टिन चौतारी र जागरण मिडिया सेन्टरद्वारा संयुक्त रूपमा २०६५ जेठ १६ मा आयोजित 'प्रसारणमा दलित' विषयक छलफलमा व्यक्त विचार।

[१५] एउटै कार्यक्रममा फरकफरक विषवस्तु वा सामग्रीहरूलाई समावेश गर्नका लागि ती विषयवस्तुहरूलाई जोड्नका लागि प्रयोग गरिने सामग्रीलाई लिङ्क न्यारेसन भनिन्छ। म्यागेजिन फर्म्याटका कार्यक्रममा एउटा विषयवस्तुबाट अर्को विषयवस्तुमा प्रवेश गर्दा वा अब प्रसारण हुने सामग्रीको सामान्य पृष्ठभूमिबारे लिङ्कमार्फत थोरै जानकारी गराइन्छ।

अन्तर्वार्ता मात्रै लिइएको भए पनि हुने देखिन्छ । छात्रवृत्ति पाउने विद्यार्थी र दलित विकास समितिका पूर्व उपाध्यक्ष विश्वेश्वरप्रसाद रजकसँगको कुराकानी आवश्यक देखिँदैन । कार्यक्रममा समावेश गरिएको अन्तर्वार्ताको क्रमबद्धता पनि मिलेको देखिँदैन । एमबीबीएसका लागि छात्रवृत्तिसम्बन्धी कोटाका मुख्य सरोकारवालाको उत्तर कार्यक्रमको सुरुमा नै समावेश गरिएको छ भने उनका लागि सोधिएका अन्य व्यक्तिका प्रश्नहरू चाहिँ उनको अन्तर्वार्तापछि समावेश गरिएका छन् । यसले गर्दा दिन खोजिएको सन्देश अपूर्ण र अस्पष्ट भएको छ । पत्रपत्रिकामा प्रकाशित समाचारहरू मात्रै कतिपय कार्यक्रमहरूमा वाचन गर्ने गरिएको पनि पाइन्छ । अपूर्ण खालका कुनै समाचारहरू प्रसारण गर्दा भने ती कार्यक्रमहरूको विश्वसनीयता घट्न सक्ने सम्भावना पनि त्यतिकै छ ।

*कट्वाल रेडियो पत्रिका*ले नेपालको दलित आन्दोलन र राजनीतिक घटनाक्रमका विषयमा तयार पारिएका सामग्री, अन्तर्वार्तालगायतमा आहुती, पद्मलाल विश्वकर्मा, विनोद पहाडी, तिलक परियार, सुरेश ढकाल, श्याम श्रेष्ठ, अञ्जना विशंखे, रिमा नेपाली, केशवबहादुर परियारलगायतलाई बढी मात्रामा स्रोत व्यक्तिको रूपमा प्रयोग गरिएको देखिन्छ । अन्य सवालमा भने घटना वा विषयसँग सम्बन्धित व्यक्तिहरूलाई नै कार्यक्रममा स्रोत व्यक्तिको रूपमा ल्याइने गरेको पाइन्छ । तर फिल्डमा नै गएर सङ्कलन गरिएका सामग्रीहरूमा भने स्थानीय सरोकारवाला व्यक्तिहरूलाई नै स्रोत व्यक्तिका रूपमा ल्याइएको छ ।

### *विषयवस्तुको छनोटमा श्रोताको भूमिका*

कार्यक्रमहरूमा प्रसारण हुने विषयवस्तुको छनोट कार्यक्रमको उत्पादनमा संलग्न समूहले नै गर्छ तर पनि यस्तो छनोटमा श्रोताको पनि भूमिका रहेको हुन्छ । श्रोताले कार्यक्रम सुनिसकेपछि कार्यक्रममा पत्र तथा टेलिफोनबाट प्रतिक्रिया दिएर, श्रोता क्लब गठन गरी क्लबहरूले विविध गतिविधिहरू गरी जानकारी पठाएर, दलित समुदायमाथि भइरहेका घटनाहरूको जानकारी गराएर, लेख-रचनाहरू पठाएर सहभागी हुने गरेका छन् । *कट्वाल रेडियो पत्रिका*मा *गुनासो र जवाफ* स्तम्भमा श्रोताका प्रश्न र सरोकारवालाको उत्तरलाई समावेश गरिएको देखिन्छ । त्यसै गरी श्रोता क्लबका स्थानीय तहमा सामाजिक न्यायका पक्षमा भइरहेका गतिविधिहरूको प्रसारण हुने गरेको छ भने श्रोताले पठाएका कविता, लेख र रचनाको पनि कार्यक्रममा समावेश हुने गरेको छ । श्रोता सहभागिताकै लागि *कट्वाल रेडियो पत्रिका*मा नियमित स्तम्भ नै छुट्टयाइएको छ भने विभिन्न विषयहरूमा श्रोताहरूका विचारको सम्प्रेषण गर्न लगाई उत्कृष्ट

विचारलाई कार्यक्रममा समावेश गर्ने कामको पनि सुरुआत भएको छ। यसरी विभिन्न तरिकाले कार्यक्रममा श्रोता सहभागिता हुँदै आएको छ।

यसरी कार्यक्रममा दलितका अलावा गैर-दलित श्रोताहरूको पनि उत्तिकै सहभागिता हुने गरेको छ। कार्यक्रममा प्रसारित सामग्रीबारे श्रोताले पत्रमार्फत नै धेरै प्रतिक्रिया पठाउने गरेको पाइन्छ। ती प्रतिक्रियामध्ये केही प्रतिक्रियाहरूको भने कार्यक्रममा प्रसारण नै हुने गरेको छ। त्यस्तै श्रोता क्लबहरूको गठन गरेर पनि कार्यक्रममा श्रोताले सहभागिता जनाउने गरेका छन्। यस अध्ययनमा समेटिएका कार्यक्रममध्ये *दलित जनजागरण* रेडियो कार्यक्रमका केही श्रोता क्लबहरू गठन भएका छन् भने *कट्वाल रेडियो पत्रिका*का २०६५ साल जेठ १५ गतेसम्ममा ६ सय १० क्लबहरू गठन भएका छन्। यिनमा गैर-दलितहरूको संलग्नता ६८ प्रतिशत रहेको छ भने दलितहरू ३२ प्रतिशत छन्। लैङ्गिक हिसाबले हेर्दा पुरुषहरू ६७.३० प्रतिशत र महिलाहरूको संलग्नता ३३.७० प्रतिशत रहेको छ (जागरण मिडिया सेन्टरमा दर्ता भएका क्लबहरूको तथ्याङ्क)। ती क्लबहरूले जातीय भेदभावको न्यूनीकरणका निमित्त सामाजिक जागरण ल्याउनका लागि विभिन्न क्रियाकलापहरूको सञ्चालन गर्दछन् र त्यस्ता क्रियाकलापहरूका बारेमा पनि *कट्वाल रेडियो पत्रिका*बाट प्रसारण हुने गरेको छ। त्यस्तै *साझा आँगन* रेडियो कार्यक्रममा पनि क्लबहरू सहभागी हुने गर्थे। *साझा आँगन*ले ती क्लबहरूद्वारा नै तयार पारिएका नाटकहरूलाई कार्यक्रममा समावेश गर्ने गरेको थियो।[१६] यसरी श्रोताको पनि कार्यक्रमका लागि विषयवस्तुको निर्धारणमा महत्त्वपूर्ण भूमिका रहँदै आएको छ। श्रोताले टेलिफोन, पत्र र भेटघाटका क्रममा दिएका सुझावहरू प्रत्यक्ष रूपमा नै कार्यक्रमको उत्पादनमा निकै सहयोगी हुने गरेको *कट्वाल रेडियो पत्रिका*मा रहेर काम गर्दा यस लेखकले पनि अनुभव गरेको छ।

## कार्यक्रमको प्रभाव र कमजोरी

### *कार्यक्रमको प्रभाव*

दलित समुदायका सवालका बारेमा उत्पादित तथा प्रसारित कार्यक्रमहरूको प्रभावको व्यवस्थित मूल्याङ्कन-अध्ययन गरिएको छैन। *कट्वाल रेडियो पत्रिका*ले भने वार्षिक रूपमा कार्यक्रमको प्रभावको मूल्याङ्कन गर्ने गरेको छ। तर,

---

[१६] सुनसरी पञ्चकन्या-३ का रामचौरी हिमाली बाल क्लबले निर्माण गरेको जातीय विभेद विरोधी नाटक कार्यक्रमको १४० औं अङ्कमा प्रसारित भएको छ।

औपचारिक दस्तावेजका रूपमा ती कुराहरू प्रकाशित छैनन् । प्रत्येक दुई/दुई महिनामा कार्यक्रमको समीक्षा गर्ने, दलित आन्दोलनमा क्रियाशील तथा कार्यक्रम सुनिरहेका व्यक्तिहरू, सञ्चार क्षेत्रमा क्रियाशील व्यक्तिहरू आदिसँग कार्यक्रमको प्रभाव कस्तो रह्यो भनेर समीक्षा र मूल्याङ्कन गर्ने गरिएको छ । यसरी गरिएको प्रभावको मूल्याङ्कनमा कार्यक्रमले दलित समुदायका स्थानीय तहका मुद्दाहरूलाई केन्द्रसम्म र केन्द्रका मुद्दाहरूलाई स्थानीय तहसम्म पुऱ्याएर दलित आन्दोलनलाई सहयोग गरेको, दलित समुदायका समस्यालाई सही ढङ्गले बुझ्न श्रोतालाई सहयोग गरेको, दलित समुदायलाई अधिकारप्रति सचेत गराइरहेको र गैर-दलित समुदायलाई पनि दलित समुदायको अधिकार प्राप्तिको अभियानमा सहभागी गराउन सकेको देखिन्छ ।[१७] जातीय विभेद र छुवाछूत दलित समुदायका मात्रै समस्या नभई सिङ्गो समाजका समस्या हुन् भन्ने कुरा स्थापित गराउनका लागि यिनले मद्दत गरेका छन् र यसैका कारण जातीय विभेदविरुद्धको अभियानमा अहिलेसम्म दलित तथा गैर-दलित समुदायको संलग्नता बढेको छ । *कट्वाल रेडियो पत्रिका* सुनेर स्वःस्फूर्त रूपमा गठन भएका क्लबका युवाहरू अभियानमा सङ्गठित भई विभिन्न क्रियाकलापहरूमा संलग्न भइरहेका छन् । यी क्लबहरूमा गैर-दलित समुदायको संलग्नताले दलित समुदायका सवालमा गैर-दलितको ऐक्यबद्धता र क्रियाशीलतालाई बढाएको छ ।

दलित समुदायमाथि हुने गरेका विभिन्न घटनाका पीडितहरूलाई न्याय दिलाउन दबाब सिर्जना गर्ने काम यसले गरिरहेको छ । व्यक्तिगत जीवनमा समेत कार्यक्रमले निकै प्रभाव पारेको देखिन्छ । दलित भएकै कारण २०६१ सालको एसएलसी परीक्षाका बेला डेराबाट निकालिएपछि *कट्वाल रेडियो पत्रिका*को सहयोगमा न्याय पाएको बताउने नवलपरासीका विनोद परियार अहिले बुटवलस्थित रेडियो जागरण सञ्चारकर्मीका रूपमा स्थापित हुन सकेका छन् (विश्वकर्मा २०६४) । २०६० साल कात्तिक ४ गते नेकपा एमालेका पूर्व सांसद दानालाल चौधरीले स्थानीय दलित विनोदराम चमारलाई कुटपिट गरेपछि गाउँमा दलितहरूलाई लगाइएको नाकाबन्दीको विषयलाई राष्ट्रिय रूपमा उठाउने काम रेडियो कार्यक्रमहरूले गरेका छन् । स्थानीय तहमा परेको कार्यक्रमको प्रभावका बारेमा कट्वाल रेडियो श्रोता क्लब जिल्ला समन्वय समिति, सुर्खेतका अध्यक्ष हीरालाल सुनार भन्छन्, “गम्भीर विषयलाई रोचकताका साथ रेडियो कार्यक्रममा समेट्नु

[१७] *कट्वाल रेडियो पत्रिका*का अङ्क १००, १५४, २०० आदिमा प्रसारित सामग्रीहरू ।

आफैँमा चुनौतीको विषय हो र *कट्वाल रेडियो पत्रिका*को प्रस्तुति, विषयवस्तुमा रोचक, भाषागत रूपमा सहज तथा सरल र शैलीगत रूपमा शालीन रहेका छन् ।”[१८]

कार्यक्रममा देशका विभिन्न ठाउँहरूमा दलित समुदायले भोग्नुपरिरहेका समस्याहरू, जस्तै : हलियाका समस्या, बालीघरे, खली प्रथा, भूमिहीनलगायतका समस्या र तिनको समाधानका उपायहरूको खोजी कार्यक्रममार्फत गरिएको छ । त्यस्तै, दलित समुदायमाथि भइरहेका आर्थिक शोषणका स्वरूप, सामाजिक रूपमा भएका विभेदका घटनाहरूका साथै दोषीहरूमाथि कारबाहीका लागि कार्यक्रममार्फत दबाब सिर्जना गर्न सहयोगी भूमिकाको निर्वाह गर्न सकेको छ । डोटीको सिलगढीमा भएको शैलेश्वरी मन्दिरको प्रवेश आन्दोलनदेखि चितवनको बेङ्कटेश मन्दिर प्रवेश आन्दोलनका क्रममा दलितमाथि भएका दुर्व्यवहारका घटनाहरूले कार्यक्रममा स्थान पाएका छन् । त्यस्तै, दाङका जिल्ला न्यायाधीशले दलित कर्मचारीमाथि गरेको विभेदको घटना, बझाङको सुर्मासरोवर मेलामा दलित विद्यार्थीहरूमाथि हुने विभेदका घटना, काभ्रेमा ऋण तिर्न नसकेर मारिएका हरिबहादुर मिझारको घटनाजस्ता दैनिक जीवनमा दलित समुदायले भोग्दै आइरहेका घटनाहरूको उजागर कार्यक्रममार्फत भइरहेका छन् । यसले यस्ता दुर्व्यवहारविरुद्ध दलित समुदायलाई ऐक्यबद्ध गर्न र पीडितलाई न्याय दिलाउन थोरै उल्लेख्य मात्रामा सहयोग पुऱ्याएका छन् ।

त्यसै गरी स्थानीय तहमा दलित समुदायले अधिकारका लागि गरेका आन्दोलनहरूका साथै केन्द्रीय रूपमा दलित आन्दोलनले उठाएका राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक मुद्दाहरूका बारेमा स्थानीय तहसम्म सूचनाको प्रवाह गरेर दलित आन्दोलनमा थप सहयोग पुऱ्याउन यसबाट मद्दत पुग्यो । त्यस्तै राजनीतिक रूपमा उठेका माग र नयाँ परिस्थितिमा जन्मिने दलित समुदायका नयाँ कार्यसूची (agenda) हरूका बारेमा पनि स्थानीय तहसम्म छलफलको सञ्चालनका लागि यी कार्यक्रम सहयोगी हुन सके । उदाहरणका लागि, पछिल्लो चरणमा उठेका दलित समुदायका लागि आरक्षण वा विशेषाधिकार, सामाजिक तथा राजनीतिक क्षेत्रमा समावेशीकरण, राज्यको पुनःसंरचना हुँदा दलित समुदायको प्राकृतिक र राज्यको साधन-स्रोतमा पहुँच, स्थानीय तहदेखि राज्यका सबै तहमा दलित समुदायको प्रतिनिधित्वजस्ता विषयमा पनि कार्यक्रममा

---

[१८] मार्टिन चौतारी र जागरण मिडिया सेन्टरले संयुक्त रूपमा २०६५ जेठ १६ मा आयोजना गरेको ‘प्रसारणमा दलित’ विषयक छलफल कार्यक्रममा व्यक्त विचार ।

छलफल भएका थिए । यी छलफलले तत्कालीन सन्दर्भमा उठेका विषयवस्तुहरूलाई स्थानीय तहसम्म पुऱ्याउन र छलफल गर्न थप सहयोग पुऱ्याए ।

*कार्यक्रमका कमजोरी*

सामाजिक रूपान्तरणका पक्षमा दलितका सवालसम्बन्धी कार्यक्रमहरूको उत्पादन तथा प्रसारण भइरहेको भए तापनि यसका केही कमी-कमजोरीहरू पनि छन् । कार्यक्रमहरूको उत्पादनमा गैरसरकारी सङ्घसंस्थाहरूको बाहुल्य देखिन्छ । तर ती संस्थाहरूले रेडियो कार्यक्रम उत्पादन गरेर नै दलित अधिकारको स्थापना गर्ने उद्देश्यले कार्यक्रम सुरु गरेका नभई रेडियो कार्यक्रममार्फत केही थप काम गर्न सकिन्छ कि भनेर कार्यक्रमको उत्पादन गरिरहेका छन् र यी दातृ संस्थाको सहयोगमा उत्पादन हुँदै आइरहेका छन् । कुनै बेला सहयोग बन्द भएमा कार्यक्रम नै बन्द भएको पाइन्छ ।

दलितका सवालसम्बन्धी रेडियो कार्यक्रममा दक्ष र प्राविधिक जनशक्ति संलग्न भएको कमै मात्रामा भेटिन्छ । कार्यक्रममा संलग्न भएका अधिकांश उत्पादक र सञ्चालकहरूले कार्यक्रम उत्पादन वा सञ्चालनसम्बन्धी आधारभूत प्रकारका तालिम र मुख्यतः अभ्यासबाट सिक्दै आएका हुन् । कार्यक्रममा संलग्न भएकामध्ये ६२ प्रतिशत उत्पादक, सञ्चालक तथा संवाददाताहरूले पत्रकारिता तथा रेडियो कार्यक्रमको उत्पादनसँग सम्बन्धित आधारभूत तालिम लिएका छन् । साधारणतया एसएलसीभन्दा माथि नै अध्ययन भएका व्यक्तिहरूको संलग्नता दलितका सवालसम्बन्धी रेडियो कार्यक्रमको उत्पादनमा रहेको छ । एकाध जनशक्ति मात्रै पत्रकारिताका विषयको औपचारिक अध्ययन समाप्त गरेपछि यस क्षेत्रमा आएका भेटिन्छन् (जागरण मिडिया सेन्टर २०६४) ।

दलित समुदायका समस्यालाई बुझ्ने दृष्टिकोणमा परिवर्तन ल्याउनका लागि पनि केही कार्यक्रमले सहयोग गरेका छन् तर अझै रेडियो कार्यक्रमका केही उत्पादकहरूमा दलित समुदायको समस्या नै कस्तो समस्या हो भन्ने अस्पष्टता रहेको देखिन्छ । कतिपय उत्पादकहरूमा जातीय छुवाछूत, बालीघरे प्रथा, चेतनाको कमी र अशिक्षाजस्ता कुराहरूलाई मात्रै दलित समुदायका समस्याको रूपमा बुझ्ने गरिएको पाइन्छ । दलित समुदायका समस्या जातीय छुवाछूतका मात्रै समस्या होइनन्, बरु यससँग सम्बन्धित सामाजिक तथा सांस्कृतिक मूल्य र मान्यता, आर्थिक क्षेत्रमा रहेका समस्या, राजनीतिक रूपमा राज्य संरचनाका नीति निर्माण गर्ने तहमा प्रतिनिधित्व गर्न पाउने अधिकारजस्ता समग्र विषयहरूको

सम्बन्ध दलित समस्यासँग छ भन्ने बुझाइ नभएका कारण पनि कार्यक्रमले समस्याको समाधानका लागि सही सूचना सम्प्रेषण गर्न नसकिरहेको देखिन्छ।

त्यस्तै, दलित समुदायका समस्याहरू दलित समुदायका मात्रै नभई गैर-दलित समुदायका पनि हुन् र यी सिङ्गै समाजका समस्या हुन् भन्ने कुरा अझै पर्याप्त मात्रामा रेडियो कार्यक्रमहरूले स्थापित गर्न सकिरहेका छैनन्। गैर-दलित समुदायका आवाजहरूलाई पनि कार्यक्रममा समावेश गरी उनीहरूको धारणा कार्यक्रममार्फत छलफलमा लैजानु जरुरी छ र यो पर्याप्त मात्रामा हुन सकिरहेको छैन। त्यस्तै सफलताका कथाहरूलाई प्रसारण गरी दलितहरूलाई उत्प्रेरित गर्ने र सिङ्गो सामाजिक पुन:संरचनामा क्रियाशील गराउन सहयोगी भूमिकाको निर्वाह कार्यक्रमहरूले गरेका छन्। विशेष गरी कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि आवश्यक तथ्य तथ्याङ्कहरूको समावेश कम मात्रामा हुनु, दलित समुदायले भोगेका वास्तविक समस्याहरूका विषयमा स्थलगत सामग्रीहरूको प्रसारण कम हुनु, तथ्याङ्कहरूको अध्ययन कम हुनु, व्यावसायिक दक्ष जनशक्तिको अभाव हुनु र दीर्घकालीन रूपमा कार्यक्रम प्रसारण हुन नसक्नु समस्याका रूपमा देखिएका छन्।

स्रोत प्राप्त हुन्जेलसम्म कार्यक्रम सञ्चालन हुने तथ्य सङ्घसंस्थाद्वारा उत्पादन गरिएका कार्यक्रममा देखिन्छ भने दीर्घकालीन रूपमा कार्यक्रम प्रसारण हुन नसक्नुमा एफएम स्टेसनहरूले दलितका सवालसम्बन्धी कार्यक्रममा देखाएको उदासीनता पनि अर्को कारण हो। उनीहरूले स्टेसनमा नै दक्ष जनशक्ति उत्पादन गर्ने र आफ्ना निर्देशक सिद्धान्तमा नै यस किसिमका कार्यक्रमको उत्पादनप्रति ती प्रतिबद्ध हुने हो भने दलितका सवालसम्बन्धी कार्यक्रमको उत्पादन प्रभावकारी हुन सक्छ। यसमा संलग्न रेडियोकर्मीहरूलाई स्टेसनले समय र स्टुडियोबाहेक केही उपलब्ध नगराएका कारणबाट पनि कार्यक्रमको उत्पादन बन्द हुने गरेका छन्।

दलितका सवालसम्बन्धी प्रसारित कार्यक्रममा प्रयोग हुने शब्दले पनि महत्त्व राख्दछन् र शब्दको कारणबाट पनि कार्यक्रमबाट प्रसारित सन्देशहरू प्रभावकारी हुने या नहुने कुरा निर्धारित हुन्छ। दलित समुदायका समस्याको मूल कारण हिन्दू धर्मअन्तर्गतकै सामन्तवादी संरचनाबाट विकसित भएको र यसै संरचनाअन्तर्गत नै दलित समुदायमाथि विभेद कायम हुँदै आएको भन्ने दलित आन्दोलनको विश्लेषण रहेको छ। त्यस्तै ब्राह्मणवादी सोच, चिन्तन र व्यवहारका कारण पनि दलित समुदाय पीडित हुनुपरेको कारणबाट पनि कार्यक्रममा प्रयोग हुने शब्दावलीहरूमा ‘ब्राह्मणवाद’, ‘सामन्तवाद’ जस्ता शब्द प्रयोग गरिएको पाइन्छ। तर, कुनै निश्चित

जातिलाई इङ्गित गर्ने उद्देश्यले होइन, बरु विभेदकारी मनोविज्ञानबाट सिर्जना भएको संस्कृति वा विचारको रूपमा ती शब्दहरूलाई प्रयोगमा ल्याइएको पाइन्छ। दलितका सवालसम्बन्धी कतिपय रेडियो कार्यक्रममा यस्ता शब्दहरू आवश्यकताभन्दा बढी रूपमा आउने गरेका छन्। त्यस्तै, गैर-दलितहरूले विभेद गरेको प्रसङ्ग कार्यक्रममा प्रसारण गर्दा विभेद नगर्ने र दलित समुदायकै अधिकारका लागि अग्रसर हुने गैर-दलित पनि सोही समूहमा पर्ने भएकाले सबैलाई नै भनेको अर्थलाग्ने गरी सामान्यीकरण गरेर भाषाको प्रयोग गर्दा उचित हुँदैन। यसतर्फ कार्यक्रम सञ्चालकहरूले त्यति ध्यान दिएको देखिँदैन।

कार्यक्रमका प्रस्तुतिहरूमा स्वाभाविक घटनाका सवालहरू उठाउँदा आक्रोश प्रकट भएको भने भेटिन्छ। २०६३ साल भदौ ३१ गते स्थानीय दलित, राजनीतिक दल र समाजसेवीका बीचमा भएको सहमतिअनुसार असोज १ गते दलितहरूले डोटीको शैलेश्वरी मन्दिरमा प्रवेश गरे। शैलेश्वरी मन्दिरमा प्रवेश गर्ने क्रममा दलितहरूमाथि स्थानीय गैर-दलितहरूले आक्रमण गरे। सो घटनामा दलितहरू घाइते पनि भएका थिए। घटनापछि तनावग्रस्त स्थितिमा *कट्वाल रेडियो पत्रिका*ले "स्थानीय हिन्दुअतिवादीहरूद्वारा दलितहरूले मन्दिर प्रवेश गरेको विरोधमा प्रदर्शन सुरु भयो। खुकुरी, छुरालगायतका घरेलु हतियारधारी अतिवादी युवाहरूको समूहले मन्दिर प्रवेश गर्ने दलितहरूमाथि साङ्घातिक आक्रमण गऱ्यो" (*कट्वाल* अङ्क ११५) भन्ने शब्दावलीहरूको प्रयोग भएको छ। आक्रोशित अवस्थामा भएका दलितहरूको यो अभिव्यक्ति उनीहरूका लागि अस्वाभाविक नहोला तर रेडियोजस्तो माध्यमबाट पनि सोही रूपमा बजाइदिँदा यसले हिंसा बढाउन मद्दत पुऱ्याउँछ भन्नेमा कार्यक्रम उत्पादकको ध्यान गएन। यस्ता आक्रोशपूर्ण शब्दावलीहरू दलित सवालसम्बन्धी रेडियो कार्यक्रममा अलि धेरै प्रयोग भएको पाइन्छ।

## निष्कर्ष

राजनीतिक रूपमा मुलुक न्यायपूर्ण र समावेशी बनाइनुपर्ने मागलाई दलित आन्दोलनले तीव्र रूपमा उठाएपछि अहिले चाहेर वा नचाहेरै पनि रेडियोमा दलित सवालले स्थान पाउन थालेका छन्। यो सवाल छुटाउनै नहुने मुद्दाका रूपमा राजनीतिक क्षेत्रदेखि सामाजिक क्षेत्रसम्म स्थापित भइसकेको छ। तर, रेडियो स्टेसनहरूका लागि भने दलितसम्बन्धी सवाल अझै पनि आफ्नो सरोकारको मुद्दाको रूपमा स्थापित हुन सकेका छैनन्। दलितका सवालसम्बन्धी रेडियो कार्यक्रमहरू दलितका सवालमा काम गर्ने सङ्घसंस्थाले सबैभन्दा बढी उत्पादन गर्ने र आर्थिक स्रोत प्राप्त नहुनेबित्तिकै बन्द हुने अवस्थामा ती छन् भन्ने तथ्य

यस अध्ययनबाट स्पष्ट भएको छ । अहिलेसम्म जम्मा उत्पादित ४६ कार्यक्रममध्ये १३ ओटा कार्यक्रम बन्द हुनुले पनि कार्यक्रम दीर्घकालीन रूपमा अगाडि बढ्न नसकेको देखिन्छ । रेडियो स्टेसनले दलितका सवालसम्बन्धी कार्यक्रमको उत्पादनलाई खासै महत्त्व दिएका छैनन् । दलित कर्मचारी भए मात्रै उसले कार्यक्रम उत्पादन गर्ने, नत्र कार्यक्रम नै उत्पादन नहुने स्थितिमा छन् । व्यक्तिगत रूपमा सञ्चालित कार्यक्रम पनि दिगो रूपमा जान सक्ने सम्भावना कम देखिन्छ । त्यसकारण सामाजिक उत्तरदायित्वका हिसाबले पनि दलितका सवालसम्बन्धी कार्यक्रमको उत्पादनप्रति एफएम स्टेसन बढी जिम्मेवार हुनुपर्छ ।

उत्पादित कार्यक्रमका विषयवस्तुहरूले सिङ्गो राजनीतिक परिवर्तनसँग दलितका मुद्दालाई जोडेर लगिरहेको छ । यिनले दलित समुदायलाई अधिकारप्रति जागरुक गराउने र गैर-दलित समुदायलाई पनि यस अभियानमा सँगै लैजाने प्रयत्न गरिरहेका छन् भने दलित समुदायमाथि जातीयताकै कारण हुने भेदभावका घटनाहरूलाई उठाएर पीडितले न्याय नपाउन्जेल घटनालाई आम नागरिकहरूमाझ लगिरहेका छन् । समय-सान्दर्भिक घटनाक्रमहरूलाई कार्यक्रममा उठाइने गरिएको छ । साथै दलित समुदायका सामाजिक, सांस्कृतिक तथा आर्थिक अधिकारप्रति तिनलाई सचेत गराउने कार्यमा पनि यी कार्यक्रमको भूमिका देखिन थालेको छ । त्यसलाई अझै सामाजिक तहका सबैले बुझ्न सक्ने गरी लैजानु जरुरी छ । कार्यक्रममा विषयवस्तु उठाउनका लागि सञ्चारकर्मीहरूलाई विषयवस्तुबारे स्पष्ट ज्ञान हुनु जरुरी छ । साथै कार्यक्रममा स्थानीय स्तरका दलितहरूले भोगिरहेका समस्याहरूलाई प्रभावकारी ढङ्गबाट उठाउनु र त्यसलाई नीति निर्माण तहसम्म जोडेर लैजानु जरुरी छ । स्थानीय नागरिकहरू मात्रै नभई नीति निर्माणको तहमा रहेका मानिसहरूको विभेदकारी मनोविज्ञानको रूपान्तरण गर्ने विषयलाई पनि कार्यक्रममा समावेश गर्नुपर्छ । साथै प्रसारित कार्यक्रमहरूको प्रभावको मूल्याङ्कन गर्ने र कस्ता सन्देशले सामाजिक रूपान्तरणलाई सम्भव बनाउँदछन् भनेर सोहीअनुसारको रेडियो कार्यक्रमको उत्पादन गर्नु जरुरी छ । गुणस्तरीय कार्यक्रमहरूको उत्पादनका लागि रेडियो, सङ्घ-संस्था आदिले उत्पादकलाई विषयगत र प्राविधिक रूपमा थप दक्ष बनाउने प्रक्रियालाई सँगै लिएर जानुपर्छ । पुनःसंरचना गरिएको राज्यमा सबैले समाजमा आत्मसम्मानपूर्वक बाँच्न पाउने वातावरण तयार गर्न तथा समाजमा सबैभन्दा पछाडि पारिएका दलित समुदायका सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक र प्रशासनिक लगायतका अधिकार स्थापित गराउन दलितका सवालसम्बन्धी गुणस्तरीय कार्यक्रमहरूको उत्पादन र प्रसारण हुनु जरुरी छ ।

## सन्दर्भ सामग्री

आहुती । सन् २००४ । हिन्दू समाजमा दलित जातीय मुक्तिको प्रश्न । *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन* । मेरी डेशन र प्रत्यूष वन्त, सं., पृ. ४७५-५२१ । ललितपुर : सोसल साइन्स बहा: ।

आहुती । २०६३ । दलितका लागि आरक्षण अधिकार । *विशेष अधिकार र आरक्षणको राजनीति* । पूर्ण बस्नेत र सुभाष दर्नाल, सं., पृ. १८७–२१९ । काठमाडौँ : जागरण मिडिया सेन्टर ।

जागरण मिडिया सेन्टर । २०६४ । रेडियोमा दलित : रेडियोकर्मी र कार्यक्रम । अप्रकाशित प्रतिवेदन, जागरण मिडिया सेन्टर, काठमाडौँ ।

पहाडी, विनोद । २०६४ । राज्यको पुनर्संरचनामा सञ्चार र दलित । जागरण मिडिया सेन्टरद्वारा काठमाडौँमा आयोजित 'दलित नागरिक सम्मेलन' मा प्रस्तुत कार्यपत्र, १-२ असार ।

वन्त, प्रत्यूष । २०५८ । मन्तव्य । नेपाली मिडियाको वर्तमान स्थिति । *नेपाली मिडियामा दलित तथा जनजाति* । प्रत्यूष वन्त र शेखर पराजुली, सं., पृ. ११-१५ । काठमाडौँ : एकता बुक्स ।

वन्त, प्रत्यूष । सन् २००४ । मिडिया र उदार प्रजातन्त्र । *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन* । मेरी डेशन र प्रत्यूष वन्त, सं., पृ. ५७५-५९६ । ललितपुर : सोसल साइन्स बहा: ।

विश्वकर्मा, जेबी । २०६४ । रेडियोमा दलित सहभागिता र कार्यक्रम । *समावेशी मिडिया* । प्रत्यूष वन्त, हर्षमान महर्जन, देवराज हुमागाईं र शेखर पराजुली, सं., पृ. १६७-१८५ । काठमाडौँ : मार्टिन चौतारी ।

हुमागाईं, देवराज । २०६२ । नेपालमा एफएम रेडियोको विस्तार । *रेडियो पत्रकारिता : एफएममा समाचार र संवाद* । प्रत्यूष वन्त, शेखर पराजुली, देवराज हुमागाईं, कोमल भट्ट र कृष्ण अधिकारी, सं., पृ. ३–५९ । काठमाडौँ : मार्टिन चौतारी ।